# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ११५० | काठमाडौं | बुधबार, ३ असोज २०८० | Prabhab National Daily | Wednesday, September 20, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**नागरिकको कर्तव्य पूरा गरौं, भ्रष्टाचार र अनियमितता विरुद्ध उजुरी गरौं**

- घूस लिने र दिने दुवै अपराधी हुन ।
- सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं ।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।

**तसर्थ :**

- भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिऔं ।
- विकास निर्माणका आयोजनाहरुमा प्राविधिक परीक्षण गराऔं ।
- सार्वजनिक खरिद ऐन र नियमावनली पालना गरी आयोजना सम्पन्न गराऔं ।
- सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


शेखर समूहको निष्कर्ष

# सरकारमा कांग्रेसको 'पर्फमेन्स' कमजोर

## केन्द्रीय समितिमा एजेण्डा बनाइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेस संस्थापनइतरले सरकारमा सहभागी कांग्रेस मन्त्रीहरुको प्रस्तुति कमजोर रहेको निष्कर्ष निकालेको छ । उपसभापतिसमेत रहेका कानुनमन्त्री धनराज गुरुङको उपस्थितिमा बालुवाटारस्थित डा. शेखर कोइरालाको सम्पर्क कार्यालयमा मंगलबार बसेको गुट बैठकले सरकारमा सहभागी मन्त्रीहरुको 'पर्फमेन्स' कमजोर रहेको निष्कर्ष निकालेको हो ।

भोलि (बिहीबार) बस्न लागेको केन्द्रीय समिति बैठकमा आफ्ना एजेण्डा तय गर्न बसेको संस्थापनइतर बैठकमा पार्टी सभापति शेरबहादुर देउवाको कार्यशैलीमाथिसमेत प्रश्न उठाइएको छ । 'कांग्रेसकै सरकारले संविधान नमान्ने, पार्टीमा विधान नमान्ने । कांग्रेसले सरकारमा बसेर पनि जनताको आवश्यकताअनुसार काम गरेन,' कांग्रेस केन्द्रीय सदस्य प्रा.डा. गोविन्द पोखरेलले भने, 'सरकारमा राम्रो पर्फमेन्स भएन । पार्टी उस्तै जथाभावी चलाइरहेको छ ।'

अघिल्लो केन्द्रीय समितिमा डा. शेखरले सरकारमा पार्टीका मन्त्रीहरुको प्रस्तुतिबारे प्रश्न उठाएका थिए । यद्यपि, पार्टी सभापति शेरबहादुर देउवाबारे भने मौन बसेका थिए । कांग्रेसबाट सरकारमा नौ जना मन्त्री सहभागी छन् । कुनै पनि मन्त्रीले जनताले चाहेको जस्तो काम गर्न नसकेको संस्थापनइतरका नेताहरुको दाबी रह्यो । पछिल्लोपटक अर्थमन्त्री डा. प्रकाशशरण महत र स्वास्थ्यमन्त्री मोहन बस्नेतलाई सरकारबाट फिर्ता बोलाउने तयारीसमेत कांग्रेसले गरेको चर्चा छ ।

(बाँकी पृष्ठ २ मा)

> सरकारमा संविधान नमान्ने, पार्टीमा विधान नमान्ने भयो नेतृत्वको काम ।
>
> **प्रा. डा. गोविन्द पोखरेल**
> **केन्द्रीय सदस्य**
>
> विधेयकहरू ल्याउनै सकेको छैन सरकारले । बल्ल आएको शिक्षा विधेयक विवादमा छ ।
>
> **दिलेन्द्र बडू**
> **केन्द्रीय सदस्य**
>
> सरकारको गतिविधि हामीलाई चित्त बुझेको छैन । कोशी प्रदेशको सरकारका कारण राजनीतिक रूपमा हामी अप्ठेरोमा परेका छौं ।
>
> **सञ्जय गौतम**
> **केन्द्रीय सदस्य**

# संविधान कार्यान्वयनमा चुनौतीका चाङ

- संविधानअनुसार ४२ वटा ऐन संशोधन गर्नुपर्छ भनेर राष्ट्रिय सभाले सरकारलाई निर्देशन नै गरेको अवस्थामा सरकार भने उदासीन
- टिआरसी विधेयक अघि नबढाइ प्रधानमन्त्री पुष्पकमल दाहाल राष्ट्रसंघको कार्यक्रममा सहभागी
- नागरिकता विधेयक रोकेका एमाले अध्यक्ष केपी शर्मा ओलीको संविधान संशोधनमा कुनै हतारो नै गरिहाल्नुपर्ने अवस्था नभएको तर्क
- संविधानसभाले तय गरेको 'पहिचानका पाँच र सामर्थ्यका चार आधार' अनुसार संविधान बनाउन नसक्दा 'खिचडी' खालको बनेकोले संघीयता सोचेजस्तो नभएको पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको बुझाइ



सन्दर्भ: संविधान दिवस

■ प्रभाव संवाददाता

**काठमाडौं–** २०७२ असोज ३ गते तत्कालीन राष्ट्रपति रामवरण यादवले संघीय नेपालको संविधान जारी गरे । संघीय संरचनासहितको संविधान जारी भएको आठ वर्ष पूरा हुँदा पनि अझै संविधान कार्यान्वयनमा जटिलता र चुनौती थपिएको थपियै छ । सरकारले कानुन बनाउन नसक्दा कतिपय पुराना संरचनाहरु यथावत् छन् जसका कारण संघीयताअन्तर्गतका संरचना नै विवादमा तानिएका छन् ।

शान्ति प्रक्रिया टुंग्याउन महत्त्वपूर्ण मानिएको 'सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित (टिआरसी) विधेयक अघि नबढाई प्रधानमन्त्री पुष्पकमल दाहाल राष्ट्रसंघको कार्यक्रममा सहभागी हुन अमेरिका पुगेका छन् । जिल्ला प्रशासन कार्यालय यथावत् रहँदा प्रहरी समायोजन विधेयक तयार हुन सकेको छैन ।

### ढिलो गर्ने छुट कति पनि छैन : रेग्मी

यस विषयमा जिम्मेवार व्यक्तिले समीक्षा गर्नुपर्ने बताउँछन् मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी । संविधानको व्यावहारिक कार्यान्वयनलाई छिटो पूर्णता दिँदै लोकतन्त्रको प्रतिफल जनसमक्ष पुर्‍याउनु नै अहिलेको महत्त्वपूर्ण कार्यभार रहेको रेग्मीको भनाइ छ । 'ढिलो गर्ने छुट कति पनि छैन । तसर्थ, समस्या देखाएर होइन समाधान दिएर परिणाममुखी काम गर्न सकेमात्र संविधानको मर्म र भावनाअनुरुप अघि बढिएको ठहर्छ,' रेग्मीले भने, 'हामी समीक्षा गरौं आठ वर्षमा जनताको आकांक्षा र संविधानको भावनाअनुसार कति काम गर्न सक्यौं र कति अगाडि बढ्न सक्यौं ?'

पूर्वप्रधानन्यायाधीशसमेत रहेका रेग्मीले संविधानको मर्मअनुरुप काम नुहँदा पटक-पटक अदालतले सम्झाउनुपरिरहेको बाध्यतासमेत सुनाए । 'संवैधानिक अभ्यासमा त्रुटिको कुरा राज्यका उच्च निकायलाई अदालतले पटक-पटक किन सम्झाउनु परिरहेछ ? सामाजिक मर्यादा भंग हुने र स्व-अनुशासन भत्काउन उद्धत प्रवृत्तिले लोकतन्त्र, न्यायपूर्ण समाज, सामाजिक सद्भाव सुदृढ होला ?' पूर्वअध्यक्ष रेग्मीले संविधान कार्यान्वयनका लागि बनाइनुपर्ने कतिपय कानुन अझै निर्माण हुन बाँकी रहेको तथा संघीयताको कार्यान्वयनमा गर्नुपर्ने कामसमेत प्रशस्तै बाँकी रहेको बताए ।

### संघीयता सोचेजस्तो भएन : डा. भट्टराई

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले कुनै पनि बहानामा यो संविधानलाई कमजोर बनाउन नमिल्ने बताए । 'हामी सबै मिलेर संविधानको रक्षा गर्नुपर्छ । कुनै पनि बहानामा यसलाई कमजोर पार्न हुँदैन,' भट्टराईले भने । संविधान घोषणा भएलगत्तै 'गिलास आधा भरी, आधा खाली' भनेका भट्टराईले संविधानमा केही कमजोरी पक्कै भएको तर्क गरे । 'म आफैं यो संविधानका निम्ति निरन्तर लडेको र संवैधानिक समितिको सभापतिका रूपमा भूमिका निर्वाह गरे पनि यसका केही अपूर्णता छन्, जुन मैले संविधान जारी भएको दिनदेखि नै भनेको छु । यो संविधान आधा भरी, आधा खाली छ, मैले किन भनेको हो भने, भरी त भरिएकै हो । संविधानसभाबाट संविधान जारी गर्नु नै भरिनु हो,' भट्टराईले भने ।

अपूर्णचाहिँ कहाँनेर हो त ? 'शासकीय स्वरूप मिश्रित प्रकृतिको बनायौं, त्यसले देशमा राजनीतिक स्थिरता दिन सकेन, त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्णसमानुपातिक संसद्को व्यवस्था हुनुपर्थ्यो । यो ठूलो त्रुटि भयो भन्ने मेरो त्यो बेलादेखिको बुझाइ हो र दुईपटकको निर्वाचनपछि पनि त्यो कमजोरी देखिइरहेको छ,' बाबुरामको जवाफ रहृयो ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# शाखा कार्यालय नवीकरण गर्न विभागको आग्रह

## म्यानपावर कम्पनीहरूले विभिन्न जिल्लामा खोलेका शाखा कार्यालय यही असोज मसान्तभित्र नवीकरण गर्नुपर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरुलाई शाखा कार्यालय नवीकरण गर्न आग्रह गरेको छ । म्यानपावर कम्पनीहरुले विभिन्न जिल्लामा खोलेका शाखा कार्यालयहरु यही असोज मसान्तभित्र नवीकरण गर्नुपर्ने भएको हो ।

विभागले सोमबार एक सूचना जारी गर्दै असोज मसान्तभित्र सबै शाखा कार्यालय नवीकरण गर्न म्यानपावर कम्पनीहरुलाई सूचित गरेको छ । वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४(२) तथा वैदेशिक रोजगार नियमावलीको नियम ४७ (२) बमोजिम स्वदेशमा सञ्चालन गर्ने शाखा कार्यालयको अनुमति, सञ्चालन र खारेजीसम्बन्धी कार्यलाई व्यवस्थित गर्न वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा रहेको विभागले उल्लेख गरेको छ । उक्त कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र शाखा कार्यालय नवीकरण गर्नुपर्ने व्यवस्था छ । साथै, शाखा कार्यालय नवीकरण गर्दा प्रत्येक शाखाको नवीकरण शुल्क एक हजार रुपैयाँ लाग्ने उक्त कार्यविधिमा उल्लेख छ । सोहीबमोजिम असोज मसान्तभित्र नवीकरणका लागि निवेदन पेस गर्न विभागले आग्रह गरेको छ ।




नवीकरणका लागि निवेदनका साथमा दर्ता प्रमाणपत्र, सेयर लगत, हालसालै अध्यावधिक गरिएको सेयर लगतको पत्र, अघिल्लो वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, शाखा कार्यालय सञ्चालन अनुमतिपत्रको प्रतिलिपि, शाखा कार्यालय नवीकरण गर्नेसम्बन्धी सञ्चालक समितिको निर्णय, शाखा दर्ता गर्दा पेस गरेको नगद धरौटीको प्रतिलिपि, बैंक ग्यारेण्टीको प्रतिलिपि, शाखा प्रमुख र अन्य कर्मचारीको विवरण तथा नियुक्तिपत्र, शाखा कार्यालय रहने घर बहाल सम्झौता तथा नवीकरण शुल्क एक हजार रुपैयाँको बैंक भौचर पेस गर्नुपर्ने विभागको सूचनामा उल्लेख छ ।

मुलुकमा हाल वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि इजाजतपत्र प्राप्त संस्था करिब ९०० को हाराहारीमा रहेको छ ।

# एनआरएनएको सामाजिक सहकार्य योजना–२.० सुरू

**काठमाडौं (प्रस)–** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले 'डायस्पोरा कनेक्सन- प्रगति र दिगोपनका लागि सामाजिक सहकार्य योजना २.०' योजना सुरु गरेको छ । संघले यस योजना कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय बजारीकरण समिति गठन गरिएको जानकारी दिएको छ ।

समितिमा करिब २५ वर्षदेखि क्यानडामा प्राध्यापन गरिरहेका चार्टर्ड मार्केटर (सिएम) तथा नेप्लिज मार्केटिङ एसोसिएसन (एनएमए)का संस्थापक एवं अन्तर ाष्ट्रिय सल्लाहकार डा. तुलसी धरेललाई संयोजक नियुक्त गरिएको छ । समितिको कार्यकाल दुई वर्षको हुने संघले जानकारी दिएको छ ।

'समितिले आगामी दुई वर्षसम्म गैरआवासीय नेपाली संघको ८७ देशस्थित अन्तर्राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद् र अन्य वित्तीय र गैरनाफामूलक साझेदार हरुसँग सम्झौता गरेर त्रिपक्षीय लाभ लिने उद्देश्य यस परियोजनाको रहेको छ,' संघले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको, 'यस परियोजनाअन्तर्गत पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापारलगायतका क्षेत्रमा काम गरिनेछ ।'

विदेशमा रहेका नेपालीलाई नेपालसँग जोड्न यो योजना प्रभावकारी हुने संघको विश्वास छ । डा. धरेल संयोजक रहेको यस अभियानका सल्लाहकार डा. पुरु श्रेष्ठ छन् । यस्तै चिरनकुमार खवास, उषाकिरण बरिया पोखरेल, सुवास भट्ट, दीपक घिताल, आरसी पन्त, रुविना शर्मा र बाबा राजेश्वरी थापा सदस्य रहेका छन् ।

'प्रगति र दिगोपनका लागि सामाजिक सहकार्य योजना २.० योजनाअन्तर्गत ८७ देशमा अन्तर ाष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद्लगायत अन्य वित्तीय र गैरनाफामूलक साझेदार हरुसँग सहकार्य र साझेदारी गरी सन् २०२५ सम्म संस्थाको लागि वार्षिक एक अर्ब रुपैयाँको सामूहिक आर्थिक लाभ उठाउने लक्ष्य राखेका छौं । संस्थागत प्रगति र दिगोपनका लागि यो एक रणनीतिक पहल पनि हो,' संघले भनेको छ ।

नेपाली डायस्पोरामा लगानी प्रवर्द्धन गर्न दिगो विकासको लक्ष्य पूरा गर्न र संस्थाको वित्तीय दिगोपनको साथै सामाजिक-आर्थिक विकासका लागि यो योजना कोशेढुंगा हुने संघको विश्वास छ । गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद्लगायत अन्य वित्तीय र गैरनाफामूलक साझेदारहरुलाई यस कार्यक्रममा सक्रिय सहभागिताका लागि आग्रह गरिएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।
दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# विधिपूर्वक समापन गरियो तीज

■ प्रभाव संवाददाता

**काठमाडौं–** भाद्र शुक्ल तृतीयाका दिनमा देवादिदेव महादेवको पूजाआराधना गरी हरितालिका (तीज) पर्वको व्रत बसेका व्रतालुले मंगलबार बिहान गोदान, पूर्णपात्र गरी व्रत समापन गरेका छन् ।

सामान्यतया अरू व्रत त्यसै दिन बेलुकी समापन गर्ने विधि भए पनि हरितालिका (तीज) व्रत भने भोलिपल्ट बिहानमात्र उद्यापन गर्ने शास्त्रीय परम्परा छ । भाद्र शुक्ल तृतीयाकै बेलुकी पूजा लगाएका व्रतालुले पनि व्रत समापन चतुर्थीको बिहान गरेपछि मात्र भोजन गर्ने गर्छन् ।

भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत छ ।

व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक, र काम्य गरी पाँच किसिमका छन् । तीजको व्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ । तीजको व्रत हिन्दू मात्रका लागि नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थहरूमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक समितिका सदस्य प्रा.डा. देवमणि भट्टराई बताउँछन् ।

प्राचीनकालमा पुरुषले घरबाहिरको काम गर्ने र महिलाले गृह व्यवस्थापनका काम गर्ने प्रचलन बस्न थाल्यो । महिलाले घरलगायत धर्मकर्मका काम गर्न थालेपछि व्रत बस्ने जिम्मेवारी पनि दिइएको बुझिन्छ । प्रायः घरमा धर्मकर्मका काम महिलाले नै गर्छन् ।

शास्त्रीय रूपमा महिला, पुरुष दुवैले हरितालिका (तीज) को व्रत गर्नुपर्ने भए पनि सामाजिक चर्चा भने महिलाले श्रीमान्को दीर्घायुको कामनाका लागि गर्ने बुझाइ छ । व्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटाकेटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय वचन रहेको उनले सुनाए ।

आइतबार राति दर खाएपछि औपचारिक रूपमा सुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ । मंगलबार हरितालिकाको व्रत समापनसँगै भक्तजनले गणेशको पूजाआराधना गरी सोही दिन गणेश चतुर्थी पर्व मनाएका छन् । सत्ययुगमा यस दिन भगवान् शिव र पार्वतीका पुत्रका रूपमा गणेश भगवान्को जन्म भएको विश्वास गरिन्छ ।

यस वर्ष तिथिको घटबढका कारण ऋषिपञ्चमी पर्व पनि परेको नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ ।

# गणेशमान सिंहको पूर्णकदको प्रतिमाको अनावरण



**भक्तपुर (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार भक्तपुर पुगेर एक हजार दुई किलो ढलोट प्रयोग गरी निर्माण गरिएको लौहपुरुष स्व. गणेशमान सिंहको १२ फिट अग्लो पूर्णकदको शालिक अनावरण गरेका छन् ।

गणेशमान सिंह स्मृति वाटिका तथा प्रतिमा स्थापना संरक्षण समितिले सूर्यविनायक नगरपालिका-५ कटुञ्जेस्थित गणेशमान वाटिकास्थलमा निर्माण गरेको शालिकको उनले अनावरण गरेका हुन् । राष्ट्रपति पौडेलले गणेशमान सिंहले राजनीति सत्ता र स्वार्थका लागि नभई देश र जनताको लागि हो भन्ने मान्यता स्थापित गरेर गएको बताए ।

सारा नेपालीले नेता मानेको एकमात्र व्यक्ति गणेशमान सिंह नै भएको उनको भनाइ थियो । 'गणेशमानलाई म सधैँ सर्वमान्य नेता मान्छु, देशमा एकपटक सारा नेपालीले नेता मानेको व्यक्ति गणेशमान नै हो, को वामपन्थी, को दक्षिणपन्थी सबैले नेता मानेका र २०४६ सालको जनआन्दोलनमा फरक विचार भएका पार्टीलाई पनि आफ्नै नेतृत्वमा एकै ठाउँमा ल्याएर जनआन्दोलनको नेतृत्व गर्ने नेता उहाँ नै हो,' राष्ट्रपति पौडेलले भने ।

विसं २००७ बाटै प्रजातन्त्र उदयको युग सुरु भएको भन्दै राष्ट्रपति पौडेलले २०१७ सालसम्म देशलाई आधुनिक युगमा डोऱ्याउने कालखण्डको रूपमा लिइए पनि विसं २०१७ मा निरंकुश शासनपछि विसं २०४६ को जनआन्दोलन र उपलब्धिमा उनकै देन रहेको चर्चा गरे ।

जहानियाँ राणा शासनदेखि एकतन्त्रीय पञ्चायती शासनविरुद्ध अधिकार स्थापित गर्न प्रजातन्त्र प्राप्तिका लागि कठिन योगदान दिने योद्धाको नाम गणेशमान भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले २०४६ सालको जनआन्दोलन सफल भएपछि राजाले प्रधानमन्त्री पद दिँदा पनि नलिएर समकक्षी नेतालाई सुम्पेर त्याग, आदर्श र निष्ठाको राजनीति गरेर उनले सबै दलका नेतालाई प्रेरणा दिएको बताए ।

उनले भने, 'यो ठाउँमा गणेशमानजीको शालिक बन्यो, वाटिका बन्यो भनेर कसैले चित्त दुखाउनुपर्ने ठाउँ छैन, बरु खुसी हुनुहोस्, यो देशका अमूल्य निधिको ठाउँ बन्न पुगेको छ, यस क्षेत्रलाई आन्तरिक मात्रै नभई विदेशबाट आउने पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नुहोस् ।'

राष्ट्रपति पौडेलले वाटिका एवं प्रतिमा निर्माणका परिकल्पनाकार एवं पूर्वसांसद स्व. रामेश्वर ढुंगेललाई मरणोपरान्त सम्मान गरे । स्व. ढुंगेलका छोरा अनुप र नाति अक्षेप ढुंगेललाई उक्त सम्मानपत्र हस्तान्तरण गरे । साथै, गणेशमानको प्रतिमा निर्माण गर्ने कलाकार महेश तुलाधरलाई पनि उनले सम्मान गरे । उनले समितिले प्रकाशन गरेको स्मारिक गणेशमान वाटिकाको विमोचन गरे ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले सबैका लागि प्रेरणाको स्रोत बनेका गणेशमानले लोकतान्त्रिक अधिकार प्राप्तिका लागि गरेको अतुलनीय योगदान, कानुनी शासन स्थापनाका लागि गरेको त्यागका बारेमा नयाँ पुस्तालाई जानकारी गराउनुपर्ने बताए ।

नेता सिंह र उनीजस्ता अरु नेताको योगदानका कारण समावेशी लोकतान्त्रिक संविधान जारी गर्न सफल भएको भन्दै उनले वाटिकामा अधुरा रहेका संरचना निर्माणलाई पूरा गर्न स्थानीय, प्रदेश सरकारसँगै केन्द्रीय सरकारले सहयोग गर्ने विश्वास व्यक्त गरे । यस क्षेत्रलाई विशिष्ट पार्क, दर्शनीय व्यक्तित्वको स्मरण गर्ने स्थलका रूपमा विकास गर्न बाँकी रहेका काम पूरा गर्ने उनको भनाइ थियो । मन्त्री महतले देश आर्थिक संकटमा गुज्रेका अवस्थामा स्वदेश र विदेशमा रहेका नेपालीलाई यहाँ लगानी गर्न, लगानी बढाउन अभिप्रेरित गर्ने अभियान सुरु गर्नुपर्ने बताए ।

कार्यक्रममा गणेशमान सिंह फाउण्डेसनका अध्यक्ष प्रकाशमान सिंहले देशलाई स्वतन्त्र बनाउँदै जनाधिकार स्थापित गर्ने छ दशक लामो राजनीतिक जीवनमा १५ वर्ष जेल र १५ वर्ष निर्वासित जीवन बिताएका गणेशमानलाई कुनै पनि पुस्ताले बिर्सन नहुने बताए । विसं २०४६ को जनआन्दोलनमा विभिन्न विचार बोकेका दललाई उनकै पहलमा एकै ठाउँमा ल्याएर आन्दोलनको नेतृत्व गर्दै प्रजातन्त्र प्राप्ति गरेको चर्चा गरे ।

## संविधान..

पृष्ठ १ बाट जारी

नेपालजस्तो जातीय, क्षेत्रीय विविधतायुक्त मुलुकमा संघीयता अनिवार्य थियो, तर ठीक ढंगले संविधानसभाले तय गरेको 'पहिचानका पाँच र सामर्थ्यका चार आधार' अनुसार संविधान बनाउन नसक्दा 'खिचडी' खालको बनेकोले संघीयता सोचेजस्तो हुन नसकेको उनको भनाइ छ ।

**संविधान संशोधनमा हतार नगरौं : ओली**

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधन गर्न हतार गर्नुपर्ने अवस्था नरहेको बताएका छन् । संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको स्मृतिमा एमालेले मंगलबार च्यासलमा आयोजित 'सुवास र संविधान' विषयक प्रवचन कार्यक्रममा ओलीले नेपाली जनताभन्दा पनि बाह्य शक्तिको चलखेल देखिएकाले तत्काल संविधान संशोधन गरिहाल्नुपर्ने अवस्था नरहेको बताए । 'गम्भीरताभन्दा बढी भावना, आफ्नै विचारभन्दा प्रायोजित कुरा कुराबाट दबाब दिने प्रवृत्ति र अनेक खालका बेठीक उद्देश्य देखिएकाले तत्काल समुचित ढंगले संविधान संशोधन गर्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्न फेरि गम्भीर रहेको छ । त्यसकारण यसका कुनै हतारो नै गरिहाल्नुपर्ने अवस्था आएको छैन,' ओलीले भने ।

अध्यक्ष ओलीले संविधान सर्वस्वीकार्य बनोस् भनेर दुईपटक संशोधन गरिसकेको भन्दै अहिले पनि व्यावहारिक बनाउनका लागि आवश्यकअनुसार संशोधन गर्न सकिने धारणा राखे । ओलीले भने, 'संविधान कार्यान्वयनका क्रममा देखापरेका, नमिल्दा खालका, व्यवहारमा परिवर्तन आवश्यक देखिएका त्यस्ता विषय परिवर्तन गर्दै लैजानुपर्दछ ।' संविधानको विरोध गर्ने र संविधानको समर्थन गरेपछि संशोधन हुन सक्दैन भन्ने दुवै कुरा ठीक नभएको ओलीले बताए । अध्यक्ष ओलीले सबै पार्टी मिलेर देशको समस्या समाधान गर्न एकजुट हुनुपर्ने बताए । 'आज सबै पार्टी र पक्ष मिलेर देशको समस्या समाधान गर्न एकजुट हुनुपर्ने परिस्थिति आएको छ । नत्र भने धेरै प्रकारका खतराबाट हामी जेलिनेछौं,' ओलीले भने, 'देशको राष्ट्रिय हित खल्बलिन नदिने भन्दै भावनात्मक रूपमा अरुको स्वार्थका लागि हाम्रा देशमा जनतालाई पारस्परिक घृणा फैलाउन, मारकाट मच्चाउन र हिंसा भड्काउने खालका क्रियाकलाप एमालेलाई स्वीकार्य छैन । यस्तो कार्य रोक्न एमाले अघि बढ्नेछ ।'

**सुधार हुँदै छ : मन्त्री शर्मा**

सरकारकी प्रवक्तासमेत रहेकी सञ्चारमन्त्री रेखा शर्माले संघीयतालाई बलियो बनाउन सरकार लागिपरेको दाबी गरिन् । त्यसो त तीन तहका सरकारलाई समन्वय गरेर अगाडि बढ्ने सवालमा कानुन निर्माणमा केही ढिलाइ भएको स्वीकारेकी छन् । 'संविधानको कार्यान्वयन प्रभावकारी रुपमा भइसकेको छैन । वर्तमान सरकार गठन भइसकेपछि शिक्षा, निजामती विधेयकजस्ता कानुन निर्माणको कामलाई अगाडि बढाएको छ,' शर्माले भनिन्, 'संघीयतासँग जोडिएका कतिपय कानुन निर्माण नहुँदासम्म संघीयता पूर्णरुपमा कार्यान्वयन भयो भन्ने अवस्था छैन ।'

सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित विधेयक अझै अगाडि बढाउन सकेको छैन । संविधान र संघीयता कार्यान्वयनसँग जोडिएका विभिन्न ४२ वटा ऐन संशोधन गर्नुपर्छ भनेर राष्ट्रियसभाले सरकारलाई निर्देशन नै गरेको अवस्था छ । तर यी विषयमा काम हुन सकेको छैन । 'सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित विधेयकले कानुनको रुप पाउन धेरै समय लिएको छ । सरकार गठन हुनेबित्तिकै हामीले सो विधेयक अगाडि बढाएका थियौं । तर समितिमा लामो समय लागिरहेको छ । सो विधेयक पूरा नहुँदा शान्ति प्रक्रिया पूर्णरुपमा टुंगोमा पुगेको सन्देश हामीले दिन सकेका छैनौं,' मन्त्री शर्माले भनिन्, 'शक्ति सन्तुलनका आधारमा बनेको संविधान, त्यसको कार्यान्वयनलगायतका विषय ओझेलमा परेका छन् । सत्य निरुपणसम्बन्धी विधेयक उपसमितिले करिब टुंगोमा पुऱ्याएकाले यसलाई छिट्टै निष्कर्षमा लैजाने अवस्थामा छौं ।'

नागरिकतासँग जोडिएको विषयलाई भने सरकारले हालै सम्बोधन गरेको छ । संसद्ले अघि बढाउनुपर्ने विधेयकमा प्रधानमन्त्री पुष्पकमल दाहालको पनि जोड रहेको उनले बताइन् । 'सुधारका काम गर्दागर्दै पनि कानुन निर्माणको कामलाई उत्तिकै प्राथमिकता दिइएको छ । प्रधानमन्त्रीको निर्देशनलगत्तै हामी सबैले त्यसमा कोसिस गरिरहेका छौं । कूल ४२ वटा कानुनमध्ये कुनै महत्त्वपूर्ण छन्,' मन्त्री शर्माले भनिन्, 'त्यसलाई छिट्टै हामी पूर्णता दिन्छौं । हामीले कानुन निर्माणलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । पछिल्लो राष्ट्रिय समस्या समाधान समितिको बैठकमा सातवटै प्रदेशका मुख्यमन्त्रीले प्रहरी समायोजनको प्रक्रिया छिटो अगाडि बढाइदिन प्रधानमन्त्रीलाई आग्रह गर्नुभएको थियो । प्रदेश सरकारहरुले प्रहरी समायोजनसँग जोडिएको ऐन निर्माण गरिसकेका छन् ।'

## सरकारमा...

पृष्ठ १ बाट जारी

यो सरकारले थालेको भ्रष्टाचारविरोधी अभियान त्यसै रोकेकोले कांग्रेस नेतृत्वमाथि थप शंका उब्जेको प्रा.डा. पोखरेलले तर्क गरे । 'भ्रष्टाचारको अभियान रोकिएको जस्तो देखिन्छ । कांग्रेस यो सरकारमा सहभागी दल हो । यो अभियान किन रोकियो भन्ने प्रश्न उठेको छ,' उनले भने ।

सरकारको काममाथि कैयन् प्रश्नहरु रहेको पूर्वमन्त्रीसमेत रहेका दिलेन्द्र बडूले बताए । 'सन्तोष भइहाल्ने स्थिति छैन सरकारको पर्फमेन्स । विधेयकहरु ल्याउनै सकेको छैन सरकारले । बल्ल आएको शिक्षा विधेयक विवादमा छ,' उनले भने, 'यिनै विषयमा केन्द्रीय समितिमा समीक्षा गर्ने एजेण्डा हामीले बनाएका छौं ।'

कांग्रेसको नेतृत्वमा कोशीमा दुई-दुई पटक सरकार बने पनि संविधानविपरीत भन्दै सर्वोच्च अदालतले उद्धव थापालाई बर्खास्त गरिदियो । यसले कांग्रेसलाई अप्ठेरोमा पुऱ्याएको अर्का केन्द्रीय सदस्य सञ्जय गौतमले तर्क गरे । 'सरकारको गतिविधि हामीलाई चित्त बुझेको छैन । कोशी प्रदेशको सरकारका कारण राजनीतिक रुपमा हामी अप्ठेरोमा परेका छौं,' गौतमले भने ।

सरकार अराजक बन्दै गएको विषयमा पनि केन्द्रीय समितिमा आवाज उठाइने उनले बताए । 'सरकार बन्दै जाने क्रममा अराजकता फैलिएको छ । कसैले सिंहदरबारमा आगो लगाइदिन्छु भन्ने कसैले जातीय संघीयता ल्याउँछु भनेको छ । कसैले लाखौं मान्छे सडकमा उतार्छु भनेको छ,' गौतमले भने । प्रधानमन्त्री पुष्पकमल दाहाल र काठमाडौंका मेयर बालेन्द्र साहले केही समयअघि यस्तै भनाइ राखेका थिए । अहिले यस्तो भनाइले राजनीतिमा विचलन देखेको गौतमको भनाइ थियो ।

यसैगरी गुट भेलाको निर्णय सुनाउँदै केन्द्रीय सदस्य बडूले साउन १० को बैठकले तय गरेको कार्यतालिकाअनुसार काम गर्न नेतृत्वलाई सुझाउने तयारी गरेको बताए । 'कार्यतालिका अनुसार काम भयो भएन भन्ने विषयमा केन्द्रीय समितिमा समीक्षा गर्ने । संसदभित्रको कुरा र सरकारको पर्फमेन्सको विषयमा छलफल भयो ।'

यसैगरी आगामी महासमिति र नीति अधिवेशनको तयारीबारे पनि केन्द्रीय समितिमा आवाज उठाउने उनले बताए । कांग्रेसले आगामी मंसिर ११, १२ र १३ गते महासमिति बैठक गर्ने निर्णय गरेको छ । भेलामा उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, सहमहामन्त्री बद्री पाण्डे र जीवन परियार, दिलेन्द्र बडू, दीपक गिरी, चन्द्र भण्डारी, सञ्जय गौतम, प्रा.डा. पोखरेल, प्रतिमा गौतम, सरिता प्रसाईं, गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री कृष्णप्रसाद नेपालीलगायत नेता सहभागी थिए । बैठकमा अर्का महामन्त्री विश्वप्रकाश शर्मा र प्रदीप पौडेललाई पनि निम्तो दिइएकोमा उनीहरु भने उपस्थित भएनन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ICT PRECISION ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/११/०२ पूर्व स्वीकृति मिति : २०८०/०६/०२ LT. No. 282655 चलानी नं. ६०१९८१८२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 05 | 0 | 1500 | ४२५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759

Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## कृष्णपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कन्चनपुर सुदूरपश्चिम प्रदेश

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८०।०६।०३

यस कार्यालयको आ.व. २०८०।०८१ को आन्तरिक राजश्व संकलन गर्ने कार्यका लागि नियमानुसार दर्ता भएका फर्महरुबाट आवश्यक कागजात संग्लग्न राखी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | न्यूनतम बोलपत्र रकम मू.अ. कर सहित | उत्खनन् परिमाण घ.मी. | फाराम दस्तुर रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 05-IR-2080/081 | कृष्णपुर न.पा. भएर बग्ने मोहना नदी, मछेली नदी, बन्द नदी र बनारा नदीबाट नदीजन्य पदार्थ संकलन | ५,४८,४५,३२२।७४ | २,२९,२८८।- | ५,०००।- | १२० दिन |

| बैंकको विवरणः कुमारी बैंक, शाखा कार्यालय गुलरिया, कञ्चनपुर | बोलपत्र सम्बन्धी कागजात तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्रदाताले अनलाईन www.bolpatra.gov.np/egp बाट समेत बोलपत्र प्रक्रियामा भाग लिन सक्नेछन् । ठेक्का सम्बन्धी विस्तृत विवरण बोलपत्र सम्बन्धी कागजपत्रमा उल्लेख गरिएको छ । |
|---|---|
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२००००४<br>आन्तरिक राजश्व खाता ग १.१ : २७००२४८२१६२००००९ | |

१. बोलपत्रको अन्तिम खरिद मिति २०८०।०६।०९ गते, दर्ता मिति २०८०।६।१० दिनको १२:०० बजे र खोलिने मिति २०८०।०६।१० गते दिनको १४:०० बजेसम्मको हुनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै आर्को दिन दर्ता गरिनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्नेछ बोलपत्रको प्रत्येक पानामा विवरण स्पस्टसँग भरी प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ ।
४. न्यूनतम अंक भन्दा घटि कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
५. ठेक्का कबोल गरेको अंक सकेसम्म एकमुष्ठ बुझाउनु पर्नेछ एकमुष्ठ नभए सम्झौता गर्ने समयमा ५० प्रतिशत नगदै र बाँकी रकमको २०८१ श्रावण मसान्तसम्मको बैंक जमानत पेश गर्नु पर्नेछ ।
६. ठेक्का कबोल गर्दा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम माथी उल्लेखित धरौटी खातामा जम्मा गरि सो को सक्कलै भौचर वा तोकिएको म्याद सम्मको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## संविधान दिवसमा ६७० कैदीको कैद मिनाहा

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले संविधान दिवसका अवसरमा ६७० जना कैदीको बाँकी कैद मिनाहा गरेका छन् । मन्त्रिपरिषद्को सिफारिसमा कूल ६७० जना कैदीको भुक्तान हुन बाँकी कैद माफी मिनाहा भएको हो ।

उनले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन र कारागार नियमावली, सर्वोच्च अदातलको रिट र ज्येष्ठ नागरिक ऐनका आधारमा उक्त कैदीको भुक्तान हुन बाँकी कैद माफी मिनाहा गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को गत भदौ २९ गतेको बैठकको सिफारिसअनुसार यही असोज ३ गतेदेखि लागू हुनेगरी माफी मिनाहा गरेको राष्ट्रपति कार्यालयले जारी विज्ञप्तिमा जनाइएको छ ।

कार्यवाहक प्रधानमन्त्री खड्काले भने-

# संविधानअनुकूल माग शिक्षा विधेयकमा समावेश गरिन्छ

■ प्रभाव संवाददाता

**काठमाडौं–** कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा संविधानविपरीत नहुने बताएका छन् । उनले उक्त विधेयकमा विद्यमान अर्थतन्त्रले धान्नसक्ने माग समावेश गर्न सकिने बताए ।

राष्ट्रिय शिक्षा दिवस, २०८० का अवसरमा आयोजित मूल समारोह समितिको कार्यक्रममा कार्यबाहक प्रधानमन्त्री खड्काले विधेयकमाथि प्राप्त सुझाव र आवाजलाई ध्यान दिएर आफू नेतृत्वको कार्यदलले परिमार्जनसहित जायज माग सम्बोधन गरेरै विधेयक दर्ता गराएकोसमेत स्पष्ट पारे । उनले दर्ता भएको विधेयकमा केही कमी भए वार्ता र छलफलबाट सम्बोधन गर्न सकिने पनि बताए ।

नेपाल शिक्षक महासंघलाई आन्दोलनका कार्यक्रम फिर्ता लिएर वार्तामा आउनसमेत उनले आह्वान गरे । कार्यबाहक प्रधानमन्त्री खड्काले हासंघलाई संविधानविपरीत नहुने र विद्यमान अर्थतन्त्रले धन्न सक्ने विषय विधेयकमा मिलाउनका लागि सरकार तत्पर रहेको बताए ।

उनले विधेयकमाथि महासंघका के कस्ता असन्तुष्टि छन् भन्ने सरकारलाई थाहा नभई आकस्मिकरूपमा विद्यालय बन्दलगायतका विरोधका कार्यक्रम घोषणा गरेको बताए । महासंघले यही असोज ३ गतेदेखि विद्यालय बन्दलगायत विरोधका कार्यक्रम घोषणा गरिसकेको छ ।

कार्यवाहक प्रधानमन्त्री खड्काले चिकित्सा शिक्षा क्षेत्रमा देखिएका समस्याका विषयमा पनि आवश्यक सहजीकरण गर्न प्रधानमन्त्रीको निर्देशनमा काम भइरहेको अवगत गराए । उनले सरकार संविधानमा मौलिक हकका रूपमा रहेको अनिवार्य र निःशुल्क शिक्षाको कार्यान्वयन गराउन प्रतिबद्ध रहेको स्पष्ट पारे । यसको कार्यान्वयनका लागि तीनवटै तहका सरकारबीच उचित समन्वय र सहकार्य जरुरी रहेको उनको भनाइ छ ।

उनले पाठ्यक्रममा सुधार र पठनपाठनमा विविधीकरण गरी शिक्षाको पहुँच र गुणस्तर बढाउनुपर्ने उल्लेख गर्दै सरकारले मानव स्रोत विकास योजना बनाइ प्रतिस्पर्धी जनशक्ति तयार गरी रोजगार बजार अनुकूल हुने नीति तर्जुमा गर्ने जानकारी गराए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले मस्यौदा भएको विद्यालय शिक्षासम्बन्धी विधेयक संसद्मा पुगेकाले त्यसलाई थप परिमार्जनका लागि संवाद र वार्ताका माध्यमबाट जानुपर्नेमा जोड दिए । उनले आन्दोलनरत शिक्षक महासंघलाई मंगलबार दिउँसो ३ बजे वार्तामा बोलाइएकामा महासंघ सहभागी नभएको जनाउँदै चिन्ता व्यक्त गरे । राष्ट्रसेवक र जिम्मेवार शिक्षक/कर्मचारीले विद्यार्थीको पढ्न पाउने हकलाई कुण्ठित गर्न नहुने उनको भनाइ छ ।

शिक्षा, विज्ञान तथा प्रविधिराज्यमन्त्री प्रमिला कुमारीले शिक्षा विधेयक पारित भएपछि शिक्षाको मौलिक हक कार्यान्वयनमा सहयोग मिल्ने बताइन् । कार्यक्रममा उत्कृष्ट विद्यालय, कलेज, शिक्षक, कर्मचारी, प्राध्यापकलगायतलाई पुरस्कार प्रदान गरिएको थियो ।

## 'रिजालको निधनले राष्ट्रलाई अपूरणीय क्षति'

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस काठमाडौं क्षेत्र नं ७ का सभापति एवं काठमाडौं महानगरपालिका-१६ का वडाध्यक्ष मुकुन्द रिजालको निधनले पार्टी र राष्ट्रलाई अपूरणीय क्षति पुगेको बताएका छन् । स्व. रिजालको १३औं दिनको पुण्यतिथिमा मंगलबार यहाँ आयोजित श्रद्धाञ्जली सभामा उनले स्व. रिजालले वडाध्यक्षका रुपमा भए पनि राम्रो काम गरेको र ती कामको सधैं स्मरण रहिरहने उल्लेख गरे ।

सभापति देउवाले विद्यार्थी आन्दोलनबाट राजनीतिमा स्थापित जुझारु नेताका रुपमा परिचित स्व. रिजालको वडाध्यक्षका रुपमा काम गर्दागर्दै असामयिक निधन भएको बताए । सभापति देउवाले स्व. रिजालले गर्न बाँकी रहेका काम कांग्रेस र सबै मिलेर पूरा गर्नुपर्ने उल्लेख गरे । रिजालका परिवारजनलाई पार्टीका तर्फबाट आवश्यक साथ र सहयोग रहने बताउँदै सभापति देउवाले परिवारजनमा समवेदना प्रकट गरे । सभामा सहभागी कांग्रेसका नेताहरूले स्व. रिजाललाई स्मरण गर्दै उनका अपूरा काम सम्पन्न गर्नसके मात्रै उनीप्रति सच्चा श्रद्धाञ्जली हुने धारणा व्यक्त गरे । वडाध्यक्ष रिजालको उपचारका क्रममा गत भदौ २१ गते निधन भएको हो । विसं २०२७ कात्तिकमा जन्मिएका रिजालले कांग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । विसं २०४६ को ऐतिहासिक जनआन्दोलमा उनी प्रहरीको हिरासतमा रहेका थिए । सरस्वती क्याम्पसमा अध्ययनरत रहँदा नेपाल विद्यार्थी संघमा आबद्ध भई राजनीतिक यात्रा प्रारम्भ गरेका स्व. रिजालले मानवअधिकारवादी संघसंस्थामासमेत आवद्ध भएर कार्य गर्दै आएका थिए ।

### स्कुटर हरायो

**डि एण्ड डि अटो लिंक प्रा.लि.** टेकु नामबाट ऋणी **श्री प्रवेश विष्ट**को नाममा रहेको । निम्न व्योहोरा रहेको स्कुटर मिति २०८०/०५/०६ गते का.न.पा वडा नं. १३ बर्गर हाउस सगैंको ब्युटिपार्लरको पाकिङ्गबाट दिनको ११:३० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

प्रकार – Ray ZR Disc 125 (Yamaha)
बाई नं. बाग्मती प्रदेश -०२-०४१ प ७८३९
चेसिस नं. 0141191
इन्जिन नं. 0428439
रङ्ग – कालो
सम्पर्क – 9860083366

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०६/१८ मा दर्ता भएको प्रा.लि. नं. १४०८४९ को ग्रेस मनि एक्सचेन्ज प्रा.लि. को मिति २०८०/०६/०१ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः सन्तोष कुमार पाण्डे, इजाजतपत्र नं. ५७०, ठेगाना : सिफल, काठमाडौं फोन नं. ९८५१२४५५२२, ईमेल** : panday.san.adv@gmail.com

### कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/२५ को निर्णयानुसार र बार्षिक साधारण सभाको मिति २०८०/०५/१५ को निर्णयबाट साविकको नाम ग्लेयर ईन्जिनिएरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ९००८१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **प्राईम ईन्स्टिच्यूट अफ होटेल म्यानेज्मेन्ट एण्ड ईन्जिनिएरिङ्ग प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/२५ को निर्णयानुसार र बार्षिक साधारण सभाको मिति २०८०/०५/१७ को साविकको नाम सार्थक एडभरटाईजिङ्ग प्रा.लि. (प्रा.लि. नं. १९४५०४) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **गरिमा ट्रेनिङ्ग ईन्स्टिच्यूट प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Yu-Ai Food Industries SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/०१ | LT. No. 292676 | चलानी नं. ६०२०७८२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकाश तथा भवन निर्माण विभाग
**नयाँ शहर आयोजना समन्वय कार्यालय**
बबरमहल, काठमाडौं, नेपाल

### वालिंङ स्मार्ट सिटीमा Smart Components सहित सडक स्तरोन्नति कार्यको (कुल ३५.२०२ कि.मि.) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८०/०६/०३)

गण्डकी प्रदेश, स्याङ्गजा जिल्ला, वालिङ नगरपालिकाको वालिंग स्मार्ट सिटीमा अवस्थित प्रस्तावित बिभिन्न ४ सडक खण्डहरुः टापु-मैदान सडक, थुम्का-डुडखोला-पानीट्यांकी सडक, राउतडाँडा-पेखु-देउराली-कोखे सडक र बायाटारी-झलुंगे-डांडाखर्क-डुम्रे भन्ज्यांग सडक खण्ड (३५.२०२ कि.मि.) स्तरोन्नतिको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्नुपर्ने भएकाले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ (२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| प्रस्ताव | विवरण |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नयाँ शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल<br>टेलिफोनः ०१-४२५०१७१<br>इमेलः newtownnp1@gmail.com |
| प्रस्तावको व्यहोरा | वालिङ स्मार्ट सिटी अन्तर्गत वालिङ नगरपालिका-९, ११, १२, १३, १४ मा पर्ने विभिन्न सडक खण्डहरू (कुल ३५.२०२ कि.मि.) को चौडाइ वृद्धि हुनेगरी कालोपत्रे गरी स्तरोन्नति गर्ने |
| प्रभाव पर्न सक्ने स्थान | गण्डकी प्रदेश, स्याङ्गजा जिल्ला, वालिंग नगरपालिका- ९, ११, १२, १३, १४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा आयोजना कार्यान्वयनका सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न वालिंग नगरपालिका वडा नं ९, ११, १२, १३, १४ का विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानी कार्यालय तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ (२) बमोजिम अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नयाँ शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल<br>टेलिफोनः ०१-४२५०१७१<br>इमेलः newtownnp1@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ग्रिड नेपाल डिजाइन एसोसिएट्स प्रा.लि. (Grid Nepal Design Associates Pvt. Ltd.)<br>धोबीघाट, ललितपुर, नेपाल<br>टेलिफोनः ०१-५१८८४८४<br>इमेलः gridnepal_design@yahoo.com |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Abdul Majeed Abdul Rahman Al Jeraisy Recruitment Company Branch

पूर्व स्वीकृति मिति : २०८०/०५/२५ | LT. No. 258720 | चलानी नं.:६०१८७६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 41 | 0 | 1000 | ३५,४८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/३१ | LT. No. 286347 | चलानी नं.६०२०१७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 100 | 0 | 130 | ५६०३८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | SUPERVISIOR | 30 | 0 | 200 | ८६२१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAWAHID ALTROQ METAL INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति : २०८०/०६/०२ | LT. No. 292708 | चलानी नं. ६०२०७८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Electrician | 1 | 0 | 1500 | ५३२२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Auto Mechanic | 1 | 0 | 1500 | ५३२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**
श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Falcon Eye Security Services

पूर्व स्वीकृति मिति २०८०/०६/०२ | LT. No. 292690 | चलानी नं.६०२०७८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GUARD | 25 | 05 | 1500 | ५४८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## मलेशिया, साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | पूर्व स्वीकृति मिति २०८०/०६/०२ | LT. No. 277497 | चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1500 | ४२५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः होटल कुखुरी, इटहरी, सुनसरी, मितिः २०८० असोज १०, ११ गते (27, 28th Sep. 2023) मा हुनेछ ।

कम्पनी : Nibras Riyadh Contracting Est

पूर्व स्वीकृति मिति २०८०/०६/०१ | LT. No. 292384 | चलानी नं. ६०२०७८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | construction agent | 8 | 0 | 1000 | ५३४८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १०, गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# संविधान कार्यान्वयनमा दलहरु नै उदासीन

संघीयताअनुसारको संविधान जारी भएको आज ८ वर्ष पूरा भएको छ । तर प्रमुख राजनीतिक दलहरु भने नयाँ संविधानको कार्यान्वयनमा उदासीन देखिएका छन् । जस लिने होडबाजीका कारण प्रमुख राजनीतिक दलका नेताहरुले संघीयताअनुसरको व्यवस्था लागू गर्न 'हलो अड्काऊ' नीतिदेखि मौनता साँध्नेसम्मका 'टेक्निक' अपनाइरहेका छन् ।

संघीयतापछिको पहिलो निर्वाचनपछि मधेस प्रदेश संघीयताअनुसारको नियम कानुन कार्यान्वयनमा सक्रिय बन्यो । तर, दोस्रो निर्वाचनपछि भने मधेस मौन रहेको छ । प्रदेश प्रहरीबारे मधेस प्रदेश सरकारले तयारी थालेपछि संघीय सरकार सशंकित बनेको थियो । अहिले सत्तापक्षकै मुख्यमन्त्रीहरुले प्रदेश प्रहरी अति आवश्यक भएको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहालसँग अनुनय नै गरिसकेका छन् । तर, संघीयता ल्याउने एक प्रमुख शक्ति मानिएका माओवादी केन्द्रका अध्यक्ष दाहाल नै यस विषयमा उदासीन देखिन्छन् ।

अहिले सरकार कामविहीन छ । संसद्लाई कुनै काम दिन सकेको छैन । ४२ वटा कानुन संशोधन गर्न राष्ट्रिय सभाले सरकारलाई ताकेता गरिरहेको छ । तर, दाहाल नेतृत्वको सरकार विदेश घुम्नैमा रमिरहेको छ । भारत, फ्रान्सपछि दाहाल अहिले अमेरिका छन् । केही दिनमै चीन पुग्दै छन् । सरकार बनेको नौ महिना बितिसके पनि 'हनिमुन ह्याङ'मै देखिन्छ दाहाल ।

हुन त दाहालमात्र दोषी छैनन् संघीयता कार्यान्वयनमा । संविधान जारी हुँदा कांग्रेसबाट सुशील कोइराला प्रधानमन्त्री थिए भने एमालेका सुवास नेम्वाङ संविधानसभा अध्यक्ष । जारी गर्ने राष्ट्रपति डा. रामवरण यादव नेपाली कांग्रेसबाटै शितलनिवास गएका थिए । यस अर्थमा सबैभन्दा बढी जिम्मेवारी र स्वामित्व कांग्रेसले लिएको देखिन्छ । संविधान जारी गर्दा संविधानसभाका अध्यक्ष रहेका नेम्वाङको दल एमालेले भने यसको स्वामित्व लिन खासै रुचि देखाएको छैन । बरु कार्यान्वयनको बाटोमा तगारो हाल्ने काममा उत्रिएको देखिन्छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नो प्रधानमन्त्रीकालमा दुई–दुई पटक संसद् विघटन गरेबाट यो प्रस्टिन्छ । अहिले पनि ओली संविधान संशोधन गर्न हतार गर्न नहुने बताउँछन् । यता आफ्नै कारण संघीयता आए पनि सन्तुष्ट देखिँदैन माओवादी केन्द्र । माओवादी अध्यक्ष दाहाल अहिले प्रधानमन्त्री छन् । कार्यकारी शक्ति राष्ट्रपतिमा हुनुपर्ने मुद्दासहित प्रथम राष्ट्रपति प्रचार गरिएका दाहाल एकाएक 'भित्ते राष्ट्रपति' मा परिणत भएसँग संविधान कार्यान्वयनमा उनी उदासीन देखिन्छन् । संविधान जारी गर्नमा खासै योगदान नभएको र संघीय व्यवस्थाकै विरोधी राष्ट्रिय प्रजातन्त्र पार्टीलाई दोष के दिनु । ऊ त धर्मनिरपेक्षता र प्रदेश खारेजीको मुद्दा लिएर अघि बढिरहेको छ । के अब प्रमुख राजनीतिक दलहरु यसरी नै उदासीन बन्ने त ? पक्कै पनि शान्ति प्रक्रिया टुंग्याउने हो र देशलाई समृद्ध बनाउने हो भने शीघ्रतीशीघ्र प्रक्रिया पूरा गरी कानुन निर्माण सम्पन्न गरोस् र संघीयताको पूर्ण कार्यान्वयनमा दलहरु जिम्मेवार बनोस् ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यलाई कसैले चनैती देओस् । यो चाणक्यको स्वभावमा थिएन । उनको अनुहार रिसले रातो भयो, गम्भीर स्वरमा भने- 'अतः मान्यवर ! तपाईलाई यो विवाह स्वीकार छैन ? ... तपाईं सबै सुन्नोस् आँखा चिम्लिएर शासन चल्दैन । तपाईं त्यहाँसम्म सोच्न सक्नुहुन्न जहाँसम्म म सोच्न सक्छु । यो विवाहको कार्यले जो राम्रो परिणाम निस्कन्छ त्यसबारे मैले तपाईंहरूलाई परिचय दिइसकें, व्यर्थको रुढिवादले राष्ट्रको भविष्य अन्धकारतिर लैजाओस् हो । चाणक्य हुँदा यस्तो हुन सक्दैन । धर्म आफ्नो ठाउँमा छ, तर राष्ट्र्य त्यसभन्दा ठुलो छ । सबैतिर युद्ध र डर हुन्छ । त्यसबेला धर्मले राष्ट्र बचाउन सक्छ ? राष्ट्र बचाउन र शान्ति प्रेम चाहिन्छ, त्यही प्रत्येक धर्मको मूल हो । अँ जो पनि धर्माधिकारी उपस्थित हुनुहुन्छ उहाहरू कति धर्मनिष्ठ हुनुहुन्छ यो म राम्रोसँग जान्दछु प्रत्येकको जन्मकुण्डली मसँग छ, यदि भन्नुहुन्छ भने त्यो म राजसभामा पढी सुनाउँछु ।'

चाणक्यको यो गर्जनाले ती पण्डितहरूको क्रोधाग्नि एकदम शान्त भयो । कोही पनि चाणक्यसँग तर्क गर्न अग्रसर देखिएनन् । राज्यसभामा विचित्र सुनसान भयो, यस्तो आभास हुन्थ्यो प्रत्येक व्यक्ति आ-आफ्ना कर्मसँग परिचित छन् । यदि चाणक्यले राज्यसभामा पोल खोले भने त सबै प्रतिष्ठा खत्तम हुन्छ । चाणक्यले धेरै समयसम्म सबैलाई चुप देखेर गर्जदै एकपटक पुनः भने-'के अरू सोध्न केही बाँकी छ कसैको ?'

सबै पण्डितले मुखामुख गर्दै भने-'छैन महामात्य ! हामीले सोच्यौं । मगधको सुखसमृद्धिका निम्ति भारत वर्ष र युनान एक हुनुपर्दछ ।' चाणक्य बुझ्दथे यही हुन्छ । उनी मनमनै खुसीको हाँसो हाँसे र भने- 'यो संसारमा सीधा औंलाले घ्यू निस्कँदैन ।

यसरी जुन पण्डितले विवाहको विरोध गरेका थिए, तिनै ब्राह्मणद्वारा मन्त्रोच्चारण गराई विधिपूर्वक चन्द्रगुप्त र युनानी राजकुमारीको विवाह सम्पन्न गराइयो । चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए ।

सन्दर्भः संविधान दिवस

# संविधान कार्यान्वयनका चुनौतीहरु



खिमलाल देवकोटा

नेपालले आफ्नो आठौं संविधान दिवस मनाउँदै गर्दा यो देशलाई यस बिन्दुमा ल्याएको राजनीतिक विकासको यात्रालाई प्रतिविम्बित गर्ने यसका लागि योगदान गर्नेहरूप्रति कृतज्ञ हुने समय हो । संविधानले न्यायपूर्ण, समावेशी र समृद्ध समाजका लागि नेपाली जनताको सामूहिक आकांक्षाको प्रतिनिधित्व गरेको छ । तिनको प्रवर्द्धनको योजना बनाउने अवसर पनि हो । विविध चुनौतीहरूका बाबजुद संविधानले आशा जगाएको छ । त्याग समर्पण र सहकार्यले नेपालले यी चुनौतीहरूलाई पार गर्दै उज्ज्वल भविष्यतर्फ यात्रा जारी राख्न प्रेरणादायी दस्तावेज बनेको छ ।

झण्डै सात दशकको अथक संघर्ष त्याग र बलिदानको परिणाम संविधानसभाबाट संविधान प्राप्त भएको आज आठ वर्ष भएको छ । संविधानसभाबाट प्राप्त संविधान केवल संविधानको दर्जामा र संख्यामा गणना हुने सातौं संविधानमात्र होइन, संविधानसभाबाट प्राप्त भएको पहिलो संविधान पनि हो । यो संविधानका आठ वर्षका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ । यसका साथै यो आलेखमा संविधान निर्माणको ऐतिहासिक सन्दर्भ, संविधान निर्माणको प्रक्रिया र संविधानको अपेक्षाका बारेमासमेत संक्षेपमा चर्चा गरिनेछ ।

**ऐतिहासिक सन्दर्भ**

विसं २००४ को वैधानिक कानुनलाई पहिलो संविधान मान्ने हो भने २००७ सालमा अन्तरिम संविधान दोस्रो र तेस्रो संविधानका रूपमा २०१५ सालको अन्तरिम संविधान रहृयो । चौथो निर्दलीय पञ्चायतलाई संस्थागत गर्ने संविधान रहृयो भने पाँचौं संविधानका रूपमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । जसले संवैधानिक राजतन्त्र, संसदीय बहुदललाई परिभाषित गऱ्यो । माओवादी जनयुद्ध, राजनीतिक परिवर्तनको कोशेढुंगा सावित भयो । मदन भण्डारीको दासढुंगा रहस्यमय हत्यादेखि दरबार हत्याकाण्डसम्म यही अवधिमा घट्न पुग्यो । माओवादी, राजा र सात दल गरी राजनीति त्रिकोणात्मक शक्ति संघर्षमा होमियो । राजा र सात दल माओवादीविरुद्ध खनिँदा २०४७ सालको संविधान सुरक्षित थियो तर जब समीकरण बदलियो राजनीतिक माहोल अर्को बन्यो । परिणामस्वरुप अन्तरिम संविधान जारी भयो । राजतन्त्र संस्थागत गर्ने २०४७ सालको संविधान खारेज गऱ्यो ।

अन्तरिम संविधानले संविधानसभाको चुनावसँगै नयाँ संविधान जारी गर्ने आधार तयार गऱ्यो । संविधानसभाबाट जारी भएको नयाँ संविधानले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशितासहितको राज्यको प्रादुर्भाव संविधानमार्फत हुन पुग्यो । यही संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानको आठौं वर्ष मनाइरहेका छौं ।

**संविधानको अन्तरवस्तु**

यो संविधानको अन्तरवस्तु माओवादी र सात दलका बीचमा सम्पन्न १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानसमेतले निर्धारण गरेका थिए । अढाइ सय वर्षदेखि कायम रहेको राजतन्त्रको अन्त्यका कारण यी दस्तावेजहरू बने । विस्तृत शान्ति सम्झौताले वर्गीय, जातीय, क्षेत्रीय र लिंगीय समस्या नेपाली समाजका समस्या हुन् र तिनै समस्या नै द्वन्द्वका कारण थिए भन्यो । ती समस्या समाधानका लागि युद्धको घोषणा गरिएकामा द्वन्द्वरत पक्ष समस्याको समाधान वार्ताको माध्यमबाट गर्न सहमत भएका कारणले सम्झौता भएको थियो ।

द्वन्द्वका कारणहरूको सम्बोधन नयाँ संविधानको अन्तरवस्तु थियो । राज्यको अग्रगामी पुनःसंरचना गरी आर्थिक सामाजिक रुपान्तरण संविधानको लक्ष्य रहनुपर्छ भन्ने मान्यता थियो । एकात्मक र सामन्ती संरचनाले सिर्जना गरेका उत्पीडन, अन्याय र अत्याचारका समस्याको समाधान दिगो शान्तिको आधार बन्ने कुरा संविधानले स्वीकार गरेको थियो । द्वन्द्वका कारण र समाधानको सूत्र सम्झौताले गृहयुद्धको अन्त्य र शान्ति, लोकतन्त्र र समावेशी शासनतर्फको दिशा तय गऱ्यो । संयुक्त जनआन्दोलन, जसलाई 'अप्रिल विद्रोह' पनि भनिन्छ, राजतन्त्रलाई गद्दी र शक्ति त्याग्न दबाब दिन महत्त्वपूर्ण भूमिका खेल्यो ।

**संविधान निर्माण प्रक्रिया**

झण्डै पाँच दर्जन मुलुकले आफ्नै प्रकृतिका संविधानसभामार्फत संविधान जारी गरेका छन् । त्यो मध्ये नेपाल पनि एक हो । नेपालले संविधानसभाबाट संविधान जारी गरेपछि भने ट्युनिसिया, भेनेजुएला, आइल्याण्ड र अफगानिस्तानले मात्रै संविधानसभामार्फत नयाँ संविधान जारी गरेका छन् । संसारका संविधानसभामध्येकै उत्कृष्ट ठानिएको संविधानसभाको निर्वाचन सम्पन्न गरी जारी गरिएको संविधान जनमत संकलनका आधारमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयारी गरी संविधानसभाको अत्यधिक मतबाट जारी यो संविधान विश्वकै उत्कृष्ट लोकतान्त्रिक अभ्यासका माध्यमबाट जारी भएको संविधानका रूपमा लिने गरिन्छ ।

संविधानको यात्रा लामो र कठिन थियो । यसमा वार्ता, संवाद र सहकार्यका पहलहरू भए । नेपालको विविधताको प्रतिनिधित्व गर्ने अभिलाषा पूरा गर्ने प्रयत्न पनि गऱ्यो । नेपाली समाजको अपेक्षाको प्रतिनिधित्व गर्ने संविधान निर्माण गर्ने साझा प्रतिबद्धता समावेश थियो । पहिलो संविधानसभा संविधान जारी नगरी अदालतको आदेशबमोजिम स्वतः अन्त्य भए पनि दोस्रो संविधानसभाको लागि मार्गप्रशस्त गऱ्यो । यसकै जगमा २० सेप्टेम्बर २०१५ मा सफलतापूर्वक मुलुकले नयाँ संविधान पारित गऱ्यो । यो संविधानको सबैभन्दा उल्लेखनीय पक्ष गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र संघीयताप्रतिको प्रतिबद्धता हो ।

**संविधानले समाजमा पारेका प्रभाव**

यो संविधान द्वन्द्व रुपान्तरणको एक दस्तावेज हो । संविधानसभा, संविधानसभामार्फत संविधान र त्यो संविधान संघीयता, गणतन्त्र समावेशी राजनीति र धर्मनिरपेक्षतासहितको हुनेजस्ता सर्तहरू थिए । तिनै चिज यो संविधानले संस्थागत गरेको छ । संविधानले संस्थागत गरेका ती विषयहरूको इमानका साथ कार्यान्वयन हुने हो भने सुशासन र सबैखाले द्वन्द्व समाधानका उपाय पनि सुझाएको छ भन्न सकिन्छ । राजनीतिक परिवर्तनको आन्दोलन सकिएको घोषणा गर्ने ठाउँमा दलहरू पुगेका कारण देश राजनीतिक स्थिरताको युगमा प्रवेश गरेको छ भन्न कर लाग्छ ।

विशेषगरी संघीयताले प्रदेश र स्थानीय सरकार हरूलाई राज्यशक्तिको प्रयोग गर्ने अधिकार दिएको छ । राज्यशक्तिको प्रयोग गर्दा निर्णय गर्ने प्रक्रियालाई जनताको नजिक ल्याइदिएको छ । सीमान्तकृत समुदायलाई राजनीतिक प्रक्रियामा समावेश गर्ने कुराले फल दिन थालेको छ । राजनीतिक संस्थाहरूमा महिला, दलित र आदिवासी जनजातिले समुचित प्रतिनिधित्व पाएका छन् । शक्तिको यो विविधीकरण सामाजिक न्याय र समावेशिताप्रति संविधानको प्रतिबद्धताको प्रमाण हो ।

साथै संविधानले विभिन्न ३१ वटा मौलिक हकको सुनिश्चितता गर्दै आमाको नामबाट नागरिकता, जन्मसिद्ध नागरिकका सन्तानलाई पनि नागरिकता र गैरआवासीय नेपाली नागरिकलाई नागरिकतासमेतको व्यवस्था गरेको छ । आर्थिक समृद्धिका दिशामा निजी, सरकारी र सहकारी गरी तीनखम्बे नीतिका साथै विदेशी लगानी प्रवर्द्धन गरी आर्थिक विकासको जग खडा गर्ने काम पनि यो संविधानले गरेको छ । यसले सामाजिक कल्याण र वातावरण संरक्षणमा जोड दिँदै आर्थिक वृद्धिमा निजी क्षेत्रको भूमिकालाई पनि त्यत्तिकै मान्यता दिने काम गरेको छ ।

**आगामी चुनौतीहरू**

नेपालले आफ्नो लोकतान्त्रिक यात्रामा महत्त्वपूर्ण फड्को मारेको भए पनि यो चुनौतीरहित भने छैन । राज्यका सबै अंग संघीयकरण गर्दा पनि न्यायपालिका र राजनीतिक दल एकात्मक नै रहन पुगे । यसले संघीयता कार्यान्वयनमा द्विविधा सिर्जना गरेको मात्रै छैन, बाधासमेत खडा गरेको छ । संघीयता कार्यान्वयनमा स्रोतको बाँडफाँट, संघीयकरणका लागि प्रशासनिक रुचि र सक्षमता एवं अन्तरसरकारी समन्वयसम्बन्धी अवरोधहरू आज पनि कायम छन् । तिनलाई फुकाउने चुनौती आजका र भोलिकासमेत हुन् । यी चुनौतीका बाबजुद पनि संघीयताको लाभ देशका कुना-कुनामा पुगेको छ । त्यसलाई अझै प्रवर्द्धन गर्न भने बाँकी नै छ ।

नयाँ संविधान, संघीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षतासहितका व्यवस्थाहरू प्रतिक्रियावादी र यथास्थितिवादीहरूका चिन्ताका विषय हिजो थिए, आज छन् र भोलि पनि रहनेछन् । ती तत्त्वहरू यो परिवर्तन र व्यवस्थालाई नै उल्टाउन कम्मर कसेरै लागेका छन् । यी चुनौतीहरूको सामना गर्दै परिवर्तनका उपलब्धिहरू जोगाउने आजको प्रमुख चुनौती हो । विभिन्न समूहको चासोलाई सम्बोधन गर्न संविधानका संशोधन गर्ने विषयमा पनि चलेको बहस सकारात्मक निष्कर्षमा पुऱ्याउने अर्को चुनौती हो ।

राष्ट्रिय एकता र राजनीतिक स्थायित्व समृद्धि र विकासको आवश्यकताको सम्बोधन आजको खाँचोको विषय हो । रोजगारी सिर्जना, पूर्वाधार विकास र गरिबी न्यूनीकरणलगायतका आर्थिक चुनौतीहरूको सामना समस्या अवश्य हुन् तर सोको समाधानको पनि यो संविधानले 'रोडम्याप' प्रदान गर्दछ, तर यी लक्ष्यहरू प्राप्त गर्न दिगो प्रयास र प्रभावकारी शासन आवश्यक छ ।

**निष्कर्ष**

नेपालले आफ्नो आठौं संविधान दिवस मनाउँदै गर्दा यो देशलाई यस बिन्दुमा ल्याएको राजनीतिक विकासको यात्रालाई प्रतिविम्बित गर्ने यसका लागि योगदान गर्नेहरूप्रति कृतज्ञ हुने समय हो । संविधानले न्यायपूर्ण, समावेशी र समृद्ध समाजका लागि नेपाली जनताको सामूहिक आकांक्षाको प्रतिनिधित्व गरेको छ । तिनको प्रवर्द्धनको योजना बनाउने अवसर पनि हो ।

विविध चुनौतीहरूका बाबजुद संविधानले आशा जगाएको छ । त्याग समर्पण र सहकार्यले नेपालले यी चुनौतीहरूलाई पार गर्दै उज्ज्वल भविष्यतर्फ यात्रा जारी राख्न प्रेरणादायी दस्तावेज बनेको छ । यस संविधान दिवसका अवसरमा, हाम्रा प्रगतिमा उत्सव मनाऔं, अगाडिका चुनौतीहरूलाई स्वीकार गरौं गणतान्त्रीकरण, संघीयकरण र समावेशीकरणको भावी यात्राका लागि प्रतिबद्धता व्यक्त गरौं । रासस

*(लेखक संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता हुन्)*

# संविधानलाई समृद्धिसँग जोड्नुपर्छ

कानुन न्याय तथा संसदीय मामिलामन्त्री एवं नेपाली कांग्रेसका उपसभापति धनराज गुरूङ संविधानलाई समृद्धिसँग जोड्नुपर्ने र संविधानका मौलिक हकको कार्यान्वयनले मात्र संविधानको सफल कार्यान्वयन हुने धारणा व्यक्त गर्छन् । वि.सं. २०७९ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्याङजाबाट सदस्यमा निर्वाचित मन्त्री गुरूङ सरकारले संविधानको कार्यान्वयन गर्ने सत्प्रयास गरिहेको र संविधान कार्यान्वयनका क्रममा देखिने कमीकमजोरीलाई पनि विस्तारै सच्याएर लैजाने काम भइरहेको बताउँछन् । पहिलो संविधानसभा निर्वाचनमा संविधानसभा सदस्य (सांसद) भएर काम गरेका मन्त्री गुरूङ संविधानअनुसार आवश्यक कानुन निर्माण गर्न सत्तापक्ष विपक्षी सबैको सहयोग आवश्यक पर्ने बताउँछन् । संविधान दिवसका अवसरमा मन्त्री गुरूङसँग *रासस*कर्मी *भीष्मराज ओझा र कालिका खड्काले* गरेको कुराकानीः



**धनराज गुरूङ**
कानुनमन्त्री

**नेपालको संविधान जारी भएको आठ वर्ष भयो । संविधान कार्यान्यवनको अवस्था कस्तो छ ?**

संविधानको कार्यान्वयन गर्ने सत्प्रयास गरिहेका छौं । संविधान कार्यान्वयनका क्रममा भएका कमीकमजोरीलाई पनि विस्तारै सच्याएर लैजाने काम गरिरहेको छ । संविधान संशोधन गरेर पनि कतिपय कुरा समावेश गर्नुपर्ने मैले देखेको छु । जुन ढंगबाट संविधानको कार्यान्वयन गरेर जानुपर्ने हो त्यसअनुरुप हुन सकेको छैन । तर संविधानको अपनत्व बढेर गएको छ । संविधान कार्यान्वयनमा सहयोग गर्न म सबै पक्षलाई आग्रह गर्छु ।

**संविधान कार्यान्वयन भएपछि जनताले अपेक्षाअनुरूप के पाए ?**

संविधान मुलुकलाई विधिमा बाँध्ने प्रक्रियामात्रै हो । नेपाली जनताको चाहना संविधानमात्र होइन । सँगसँगै समृद्धि पनि हो । जनताको चाहनामा समुन्नति र समृद्धि जोडिएको छ । मुलुकलाई संविधानले परिकल्पना गरेअनुरुप जनताको जीवनमा समृद्धि ल्याउनका लागि काम गर्नुपर्छ । खाली हातमा संविधान दिएरमात्र पुग्दैन । एउटा हातमा संविधान र अर्को हातमा समृद्धिका साथै समुन्नति हुनुपर्छ भन्ने मलाई लाग्छ ।

**संविधान अनुकुलका कानुन बनाउन धेरै बाँकी देखियो । के कारणले गर्दा ढिलाइ भयो ?**

संविधान अनुकुलका केही कानुन बनाउन बाँकी छ । कानुन बनाउनुपर्ने विधेयकहरु संसद्मा लैजाने र संसद्को अवधि सकिएपछि विधेयकले मृत्युवरण गर्ने र फेरि अर्को संसद् आएर विधेयक लैजानुपर्ने अवस्था छ । त्यो प्रक्रिया अलि मिलेको छैन जस्तो मलाई लाग्छ । किनभने कानुन बनाउने थलो संसद् नै हो । अर्को पक्ष नयाँ ठाउँमा नयाँ प्रणालीमा पुगियो । त्यो प्रणालीअनुरुप बन्नुपर्ने कानुन त्यो अनुरुप हुन सकेको छैन । विधेयक बनाएर सरोकारवालासँग छलफल गरेर धेरैलाई सम्बोधन गरेर बनाउनुपर्ने भएकाले केही समय लागेको छ । जहाँ विधेयकहरु पारित हुने ठाउँ हो, प्रतिनिधिसभा विभिन्न कारणले अवरोध हुने, नचल्ने अवस्था हुन्छ । कानुन, ऐन बनाउने ठाउँमा अवरोध हुने त्रासदी पनि छ ।

**कानुन निर्माणकै लागि सरकारले संसद्लाई बिजनेस दिएन भन्ने प्रमुख प्रतिपक्षीको आरोप छ नि ?**

विधेयकहरु संसद्मा पेस गर्छौं । तर, सदनबाट ठीक ढंगले अघि नबढेको अवस्था पनि छ । यद्यपि, एकले अर्कोलाई दोष लगाउनुभन्दा पनि सरकारले संसद्लाई बिजनेस दिने हो । संसद्ले त्यो कार्यान्वयन गर्दै जाने हो ।

**मौलिक हक कार्यान्वयनका लागि बनेका कानुन कार्यान्वयनमा लैजान किन कठिन भयो ?**

मौलिक हकले जनतालाई अधिकार दियो । त्यो अनुरुप कानुन बनिरहेको छ । तर, सबैको कार्यान्वयन गराउनुपर्ने आवश्यकता हो । त्यसका लागि कानुन पनि बनिरहेको छ । जस्तैः शिक्षाको हक, माध्यामिक शिक्षासम्म निःशुल्क हुनुपर्छ भन्ने छ । त्यसका लागि मुलुकले आवश्यक पूर्वाधार बनाउनुपर्ने हुन्छ । त्यो अनुरुप देश पुग्न सकेको छ कि छैन हामीले हेर्नुपर्ने हुन्छ ।

**संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय प्रभावकारी भएन भन्ने गुनासो छ । यसमा यहाँको दृष्टिकोण के छ ?**

संविधानअनुरुप समन्वय नै नभएको चाहिँ होइन । त्यसको छुट्टै समन्वय समिति पनि छ । केही समयअघि पोखरामा प्रधानमन्त्रीको अध्यक्षमा बैठक पनि बस्यो । पर्याप्त समय समन्वय हुन नसकेको भने हो । तर, हुँदै नभएको भने होइन । संविधानले नै अधिकार दिएको छ । समन्वय आवश्यक परेका गर्ने हो । संविधानले दिएको अधिकारमा काम गर्दा हुन्छ । समन्वय भएन भनेर चुप लागेर हात बाँधेर बस्नुपर्ने भने होइन । समन्वयका लागि नै विषयगत समिति बनाइएको हो । ती समिति क्रियाशील हुन जरुरी छ ।

**स्थानीय तहको न्यायिक समितिले गरेका निर्णय राजनीतिक आँखाले हुने गरेको आरोप छ । यसमा यहाँको भनाइ के छ ?**

संविधानले नै स्थानीय तहलाई न्यायिक समिति बनाउने अधिकार दिएको छ । जनतासँग प्रत्यक्ष जोडिएर काम गरेको छ । आफूले चुनेका जनप्रतिनिधिसँग प्रत्यक्ष भेटेर आफ्ना कुराहरु राख्न सक्छन् । स्थानीय तहका जनताका समस्या स्थानीय जनप्रतिनिधिले नै समाधान गर्न सकियोस् भनेर निर्माण गरिएको हो । त्यसमा राजीतिक आँखाले हेरिनु हुँदैन । न्याय दिने कुरामा सत्य के हो त्यही हेरेर न्याय दिनुपर्ने हुन्छ ।

**अन्त्यमा, संविधान दिवसका अवसरमा के भन्नुहुन्छ ?**

सबै नेपाली नागरिकसँग मेरो विनम्र अनुरोध छ । संविधान कार्यान्वयन गर्ने सबै नागरिकको दायित्व हो । कार्यान्वयन गर्दै अघि बढ्दा भएका कमीकमजोरीहरुलाई पनि हटाउँदै जाने पनि हाम्रो दायित्वभित्र पर्दछ । संविधान कार्यान्वयनका क्रममा भएको हुनाले हामीले आशा जगाउनुपर्ने हुन्छ । यसमा निराश हुनुपर्ने कुरा पनि छैन । सबै नागरिकलाई संविधान दिवसको शुभकामना दिन व्यक्त गर्न चाहन्छु ।

# ‘प्रादेशिक संरचना सुदृढ भए संघीयता बलियो हुन्छ’



**मनहरी (प्रस)–** बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रादेशिक संरचना सुदृढ नभएसम्म संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था बलियो हुन नसक्ने बताएका छन् ।

संविधान दिवस २०८० को अवसरमा मंगलबार बिहान हेटौंडा-६ स्थित चित्रेपानी सामुदायिक वन वृक्षरोपण गर्दै मुख्यमन्त्री जम्कट्टेलले प्रादेशिक संरचनालाई जति छिटो सुदृढ र संस्थागत गर्न सकिन्छ त्यति छिटो संविधानको मर्मबमोजिम समाजवादको लक्ष्यमा पुग्न सकिने बताए ।

उनले स्थानीय तहको संरचना पुरानो भए पनि प्रादेशिक संरचना नयाँ भएको यही संघीयताको खम्बा रहेको बताए । मुख्यमन्त्री जम्कट्टेलले संविधानसभाबाट बनेको संविधान जनताकै रक्षाका लागि भएको भन्दै संविधानको मर्मअनुसार प्रदेश सरकार काम गरिरहेको बताए ।

संविधानले प्रदेशलाई दिएका एकल अधिकारका विषयमा धेरैजसो कानुन निर्माण भए पनि संघ र प्रदेश, प्रदेश र स्थानीय तह, संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको सूचीमा रहेका कतिपय कानुन निर्माण हुन बाँकी रहेको उनको भनाइ छ । उनले संघीय कानुन बन्न ढिलाइ हुँदा ती विषयले मूर्तरुप लिन नसकिरहेको धारणा राखे ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संस्थागत गर्ने राजनीतिक दस्तावेजका रूपमा रहेको संविधान कार्यान्वयनका लागि तीनवटै तहका सरकार क्रियाशील हुनुपर्नेमा मुख्यमन्त्री जम्कट्टेलले जोड दिए । नेपाललाई संघीय संरचनामा लैजाने संघीयताको मुटुका रूपमा रहेका प्रदेशहरू संविधानले दिएका अधिकारबमोजिम कानुन निर्माण गरी कार्यान्वयनसमेत गरिरहेको उनको भनाइ छ ।

बागमती प्रदेश सरकारले मंगलबारदेखि तीन दिनसम्म संविधान दिवस मनाउँदै छ । असोज ३ गते संविधान दिवसलाई भव्यरूपमा मनाउन सोमबारदेखि नै विभिन्न कार्यक्रम भइरहेका छन् । जिल्ला वन कार्यालय मकवानपुरद्वारा आयोजित वृक्षरोपण कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तान, जिल्ला वन कार्यालय मकवानपुरका प्रमख शिव सापकोटा, हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, प्रदेशसभा सदस्य एकलाल श्रेष्ठलगायतले संविधान दिवसका बारेमा चर्चा गर्दै वृक्षरोपण गरेर गाउँ र सहर हराभरा बनाउने अभियानमा लाग्नुपर्नेमा जोड दिए ।

संविधान दिवसका अवसरमा मंगलबार बिहानै हेटौंडामा पाँच किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको छ । खेलको उद्घाटन गर्दै मुख्यमन्त्री जम्कट्टेलले स्वास्थ्यका लागि खेलकुद महत्त्वपूर्ण रहेकोमा जोड दिए । सो अवसरमा प्रतियोगितामा सहभागी खेलाडीलाई उनले शुभकामना दिएका थिए ।

# अझै खुलेनन् ग्रामीण सडक

**ढोरपाटन (बागलुङ)–** तीन महिनादेखि बन्द भएका ग्रामीण सडक अझै खुल्न सकेका छैनन् । बाढी र पहिरोले अवरुद्ध बनेका सडक अहिलेसम्म सञ्चालन नहुँदा चाडपर्वका लागि सामान ढुवानीमा समस्या भएको छ । जिल्ला सदरमुकाम बागलुङ बजार तथा आसपासका व्यापारिक केन्द्रदेखि गाउँ-गाउँ जोडिएका सडक गत असारदेखि नै बन्द भएका हुन् ।

ठूलो वर्षा हुन रोकिए पनि सडक सञ्चालन नहुँदा सामान ढुवानी र यात्रा गर्न समस्या भएको बडिगाड गाउँपालिकाका तिलबहादुर घर्तीमगरले बताए । चाडपर्व सुरु हुँदा पनि गाउँपालिकाले सडक खुलाउन चासो नदेखाएकाले बजारबाट सामान ढुवानी गर्न नसकिएको उनको गुनासो थियो ।

‘यस वर्ष पोहोर परार सालको जस्तो ठूलो वर्षा भएको छैन तर पनि बजारबाट आउने मोटरबाटोको धेरै ठाउँमा पहिरोले सडक ठप्प भएका छन्, सडक कहिले खुलाउँछन् थाहा छैन, तीजपछि दसैं र तिहार पनि आउन थाले,’ तिलबहादुरले भने, ‘बर्खाभरि घरमा भएका सबै सामान सकियो, बजारबाट बोकेर ल्याउनुपर्छ, गाडी चले त एक/दुई घण्टामै गाउँमै सामान आउँथ्यो, सडक कहिले खुल्ने हो थाहा छैन ।’

बागलुङमा तीनवटा राष्ट्रिय सडक पर्छन् । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग, कालीगण्डकी कोरिडोर र सालझण्डी-ढोरपाटन सडकले बागलुङमा विकासका थुप्रै सम्भावनाका ढोका खोले पनि लोकमार्गबाहेक अन्य मुख्य सडक बाह्रै महिना चल्दैनन् । कोरिडोर हिउँदमा चले पनि बर्खामा पूर्णरूपमा सञ्चालन हुन सकेको छैन । सालझण्डी-ढोरपाटन सडक भने अहिलेसम्म सीधा सञ्चालन हुन सकेको छैन । बरेङ गाउँपालिकाका अधिकांश ग्रामीण सडक बर्खाका कारण बन्द छन् ।

सडक सञ्चालन नहुँदा खाद्यान्न ढुवानी गर्न र बिरामीलाई तत्काल उद्धार गरी अस्पताल पुर्‍याउन समस्या भएको स्थानीयवासी वीरबहादुर विकले बताए । उनले गाउँमा सडक आए पनि बर्खामा गाडी नचल्दा स्थानीयवासीले सास्ती खेप्नु परेको गुनासो गरे । अघिल्लो वर्षको जस्तो यस वर्ष धेरै सडकमा क्षति नभएकाले पालिकाले केही ठाउँका पहिरो पन्छाए सहजरूपमा गाडी चल्ने गराउनुपर्नेमा बीरबहादुरले जोड दिए ।

उनले भने, ‘गाडी नचल्दा सबैभन्दा समस्या त गाउँमा कोही बिरामी हुँदा हुँदोरैछ, अस्पताल लगिहाल्न पर्ने बिरामी बाटो बन्द भएको हुँदा बोकेरै लैजानुपर्छ, बोकेर लैजाँदा समयमै अस्पताल पुर्‍याउन नसक्दा दुःखद घटना हुने गर्छ, सरकारले बाह्रै महिना बाटो चलाउने गरी काम गर्नुपर्छ ।’

बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले पहिरोले अवरुद्ध सडक अब तत्काल खुलाउने बताइन् । पालिकाका अधिकांश सडक सञ्चालनमा रहेको भन्दै उनले केही ग्रामीण सडक अवरुद्ध रहेकाले खुलाउनका लागि बजेटको व्यवस्था गरिसकेको र केही दिनमै काम सुरु हुने बताइन् । ‘बर्खाका कारण केही गाउँ जोडिएका सडकहरू ठप्प छन्, अहिले सञ्चालनमा रहेका सडक पनि अप्ठचारा छन्, पालिकाभरिका सबै सडक खुलाउन बजेटको व्यवस्था गिरेका छौं,’ अध्यक्ष अधिकारीले भनिन्, ‘मौसम हेरिराखेका छौं, बर्खा केही कम भएको छ, अब सडक खुलाउँछौं, यति बेला खुलाइसक्थ्यौं, फेरि पहिरोले पुर्‍यो भने खर्च बढी हुने हुँदा अब बल्ल खुलाउने तयारीमा छौं ।’ *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. : 280040 चलानी नं. ६०१९५४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 28 | 0 | 1000 | ३६,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JINGHE(M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 276053 चलानी नं.६०१९१९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.** श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMCO TRADING & CONTRACTING CO. WLL

पूर्व स्वीकृति मिति २०७९/०२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 264747 चलानी नं. ६०१८०७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४३,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1900 | ६९,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD** Govt.Lic.No-1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUSAIL STAR HOSPITALITY SERVICES AND GENERAL CLEANING SERVICE

पूर्व स्वीकृति मिति २०८०/०४/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 289941 चलानी नं. ६०२०५१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 0 | 3 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७९/०१/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 262521 चलानी नं. ६०१७८९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 10 | 0 | 1000 | ३६,६३५ | | | | | | | |
| 3 | Cleaning Supervisor | 3 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Operation Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 8 | Packer | 31 | 0 | 1000 | ३६,६३५ | | | | | | | |

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 278238 चलानी नं. ६०१९४५१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 0 | 1 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 3 | Cleaner | 15 | 5 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Packer | 0 | 6 | 1000 | ३६,६३५ | | | | | | | |
| 8 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.) श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3,Marajgunj, Kathmandu, Phone No: 015908044/015906944

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HITTECH WEMAC SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 278560 चलानी नं. ६०१९४१०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 8 | 0 | 1500 | ४५,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता: रु.२,००२/- कामदार आफैले

सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.** श्रम ईजाजत नं. १२३८/०७४/०७५

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287

Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## फ्रि भिषा !! फ्रि टिकट !!

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEE SOON SENG PLASTIC INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 266626 चलानी नं. ६०१८२७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 200 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd** श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745

E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARYAM BANDAR FARHAN AL-ENEZI RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 290651 चलानी नं. ६०२०५८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMAT AL QASSIM FACTORY FOR BLOCKS AND READY MIX CONCRETE

पूर्व स्वीकृति मिति २०८०/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 291431 चलानी नं. ६०२०६६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and Download Agent | 1 | 0 | 1000 | ३५,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HABOUB AL-RIMAL GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०५/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 291549 चलानी नं. ६०२०६८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JOUD AL QIMMA READY MIX CONCRETE FACTORY

पूर्व स्वीकृति मिति २०७९/०३/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 264891 चलानी नं. ६०१८११६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Mechanic Assistant. | 1 | 0 | 1200 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 3 | 0 | 1800 | ६३,८२० | | | | | | | |

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 291548 चलानी नं. ६०२०६७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 10 | 0 | 1000 | ३५,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 291687 चलानी नं. ६०२०७०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preservation Labour | 9 | 0 | 1000 | ३५,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SONS OF SULEIMAN AHMED AL-KHAMIS TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 291688 चलानी नं. ६०२०६८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL RAHMAN BIN MOHAMMED AL-LOHAYDAN TRADING EST. FOR TRANSPORTATION

पूर्व स्वीकृति मिति २०८०/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 290581 चलानी नं. ६०२०५८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE EASTERN HOUSE COMPANY FOR BEVERAGES

पूर्व स्वीकृति मिति २०८०/०५/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 292040 चलानी नं. ६०२०७२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 12 | 0 | 1200 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/०५/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ LT. No. 292191 चलानी नं. ६०२०७३९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 12 | 0 | 1800 | ६३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.** श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np

# प्रभाव दैनिक

बुधबार, ३ असोज २०८० (Wednesday, September 20, 2023)


रूपशाला

## अस्करमा नेपालबाट 'हल्कारा' सिफारिस

एकेडेमी अफ मोसन पिक्चर आर्टस् एन्ड साइन्सेस (अस्कर अवार्ड) को ९६औँ संस्करणमा अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा नेपालको प्रतिनिधित्व चलचित्र 'हल्कारा' ले गर्ने भएको छ । नेपालस्थित छनोट समितिलाई सहभागिताका लागि परेको चलचित्रको आवेदन मध्येबाट शनिबार बसेको बैठकबाट 'हल्कारा' लाई सिफारिस गर्ने निर्णय गरिएको समितिका सदस्य सामीप्यराज तिमल्सेनाले जानकारी दिए । उनले भने, 'प्राविधिक पक्ष, कथ्यको प्रस्तुति, चरित्रहरूको भावनात्मक विश्लेषण तथा प्रस्तुतिको कलात्मकता आदि पक्षलाई ख्याल गरी 'हल्कारा'लाई सिफारिस गर्ने निर्णय गरेका हौं ।' उनका अनुसार सन् २०२४ मा अमेरिकास्थित लस एन्जलसमा हुने भनिएको सो अवार्डका लागि नेपालस्थित समितिमा चलचित्रहरू 'डाकिनी', 'हल्कारा', 'नीरफूल', 'बुलाकी' र 'बगान'का तर्फबाट  सहभागिताका लागि आवेदन परेको थियो ।




# नेपाली सेनाको योगदान झल्काउने गीति छायाँचित्र सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सेनाका उपरथी बाबुराम श्रेष्ठद्वारा सिर्जित 'राष्ट्रिय एकताको प्रतीक-वीर नेपाली सेना' बोलको गीति छायाचित्र(म्युजिक भिडियो) सार्वजनिक गरिएको छ ।

प्रधानसेनापति प्रभुराम शर्माले सैनिक मुख्यालय जंगीअ•मा आयोजित समारोहमा सो म्युजिक भिडियो विमोचन गरे । गौरवशाली इतिहास बोकेको नेपाली सेनाको कर्तव्यपरायण तथा योगदानबारे  वर्णित र राष्ट्रिय भावनाले ओतप्रोत सो कृतिमा सेनाको पहिचान, एकता र वीरता गाथा समेटिएको छ ।

नेपालको एकीकरण अभियानका सिलसिलामा करिब दुई सय ८० वर्षअघि स्थापित सेनाले आफ्नो स्थापनाकालदेखि नै निःस्वार्थ भावले देश र जनताको कल्याणको काम गर्दै आएको झल्को छायाचित्रमा प्रस्तुत गरिएको छ । स्रष्टा श्रेष्ठले एक वर्षअघि लेखेको गीतलाई नै अहिले म्युजिक भिडियोमा उतारिएको हो । उनका शब्दलाई शोभन सायजुले छायाचित्र र युवा संगीतकार राजेन्द्र बजगाइँले लय दिएका छन् । नेपाली सेनाका सैनिक ब्यान्डका प्रमुख सेनानी दिनेश सुनामले संगीत संयोजन गरेको गीतमा सुभाष तिमिल्सिना, गीता पाण्डेलगायत गायकका स्वर छन् ।

उक्त अवसरमा उपरथी श्रेष्ठले सेनाले संवैधानिक दायित्व, विकास निर्माण, शान्ति सेना, पर्यावरण, विपत्का समयमा उद्धार, खोजी र राहतका क्षेत्रमा धेरै योगदान दिँदै आएको जनाउँदै जनतामा सेनाको त्यो योगदान पुग्न नसकेको महसुस गरी आफूले गीत सिर्जना गरेको जानकारी दिए । 'सेना भनेको दौडने र कवाज खेल्नेमात्र होइन,  राज्यको अखण्डता जोगाउने मूल खम्बा हो', शिवपुरीस्थित सैनिक कमान्ड एन्ड स्टाफ कलेजका प्रमुख श्रेष्ठले भने, 'वीर पुर्खाको  योगदान र बलिदानबारे नागरिकको बुझाइमा एकरुपता नदेखिएको विषयले मलाई झक्झक्याएपछि गीत र छायाचित्रमार्फत तिनको योगदान उजागर गर्न प्रयत्न गरेको हुँ ।'

उपप्राध्यापक हेम भण्डारीले सो गीतमा लुकेको सैनिकको योगदान र राष्ट्रिय भावनासम्बन्धी विभिन्न पाटो र पक्षको समालोचना गर्दै सेनाले शान्ति सेनामा रही बुद्धको सन्देश विश्वभर फैलाएको तथा  मुलुकको स्वाधीनताको रक्षाका साथै विकासनिर्माण, पर्यावरण संरक्षण, हिमाल सफाइ र खेलकुदका माध्यमबाट मान र सम्मान बढाउने काम गरेको उदाहरण दिए । म्युजिक भिडियो निर्माता सायजुले राष्ट्रिय एकताका प्रतीक सेनाको बलिदानी र कर्तव्यपरायणतालगायत विषयवस्तुलाई गीत र छायाचित्रमा समावेश गरिएको जानकारी दिए । सो अवसरमा कृतिमा स्वर र संगीत दिने कलाकारलाई प्रधानसेनापति शर्माले प्रशंसापत्र प्रदान गरेका थिए ।

# 'ह्याप्पी डिभोर्स' निर्माण घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौं–** फिल्म 'ह्याप्पी डिभोर्स' निर्माण हुने भएको छ । मंगलबार राजधानीमा एक कार्यक्रमका बीच फिल्म घोषणा गरिएको हो । निर्माण युनिटले फिल्मको कथासार रहेको एक भिडियो सार्वजनिक गर्दै घोषणा गरेको हो ।

फिल्म अभिनेता विमलेश अधिकारीले निर्देशन गर्न लागेका हुन् । पछिल्लो समय अमेरिकामा बस्दै आएका अभिनेता अधिकारी यसै फिल्म मार्फत निर्देशनमा डेब्यु गर्न लागेका हुन् । फिल्ममा विमलेश स्वयंको कन्सेप्ट र कथा रहनेछ ।

निर्देशक अधिकारी समेत मुख्य भूमिकामा देखिने फिल्म केकी अधिकारी र रीमा विश्वकर्माको पनि मुख्य भूमिका रहनेछ । सेभेन कलर्सको निर्माण रहने फिल्मले सम्बन्ध विच्क्षेदको कथामा विषयवस्तु बनाएको छ । २०२४ को जनवरीबाट फिल्मको छायांकन सुरु हुनेछ । विमलेश पछिल्लो समय २०७३ सालमा प्रदर्शनमा आएको फिल्म 'जंगबहादुरको कोट' अभिनय गरेका थिए । 'तुलसी', 'मुटु', 'ब्रेकफेल', 'मेरो बेष्ट फ्रेन्ड', 'को हुँ म ?' जस्ता फिल्म अभिनय गरेका बिमलेसले अभिनयमा सिकेको अनुभव फिल्म निर्देशनमा उतार्न लागेको बताए ।

कार्यक्रममा अभिनेत्री अधिकारीले समाजलाई डिभोर्स सहज बाटो हो भन्ने सन्देश फिल्मले दिने बताइन् । अभिनेत्री विश्वकर्माले फिल्मले डिभोर्स नै समस्याको समाधान नरहेपनि जीवनमा आइपर्ने अप्ठेरा पाटोलाई कुनै न कुनै रुपमा अगाडी बढ्न सिकाउने धारणा राखिन् ।

# पोखरामा साकारको सोलो कन्सर्ट



■ प्रभाव संवाददाता

**काठमाडौं–** लिटिल बुद्धका रुपमा परिचित ऱ्यापर साकारले हालै पोखरामा सोलो कन्सर्ट गरेका छन् । 'इभोलुसन टुर-साकार इन पोखरा' नाम दिइएको कन्सर्टमा साकारले विभिन्न गीत गाएका थिए । पोखराको लेकसाइडस्थित क्लब सिक्सटिनमा आयोजित कन्सर्टमा साकारले हाउसफूल दर्शकमाझ आफूलाई प्रस्तुत गरेका हुन् ।

कन्सर्टको सुरुवात कारे महर्जन र डीजे एल्भिसले 'किङ अफ नेपहप' बाट गरेका थिए । यो प्रस्तुतिपछि साकार स्टेजमा उपस्थित हुँदा दर्शकले 'साकार साकार' भन्दै स्वागत गरेका थिए । उनको कन्सर्ट हेर्न करिब ७ सय दर्शक उपस्थित थिए ।

पहिलो गीतको प्रस्तुतिपछि साकारले उपस्थित पोखरेली फ्यानप्रति धन्यवाद व्यक्त गरेका थिए । उनले 'गाजा मेन', 'कब्जा', '१००', 'नेप्लिज स्टाइल', 'मेक द्याट मनी' र उनको पछिल्लो एलबम 'इकेस्टेसी इन द प्यालेस'का गीत सुनाएका थिए ।

साकारले कन्सर्टमा दिवंगत गुरु यम बुद्धलाई समर्पित गर्दै 'सपना' गीत गाएका थिए । यो गीतको ओरिजिनल कम्पोजर यम नै हुन् । यो गीत गाइरहँदा उनले मानसिक अस्वस्थताका बारेमा मन्तव्य दिएका थिए । मानिस मानसिक रुपमा अस्वस्थ रहँदा उसलाई के कस्तो असर पर्छ भन्ने कुरा सुनाएका थिए ।

साकारको सांगीतिक टुरको व्यवस्थापन पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क(पीभीई नेटवर्क)ले गरेको हो । पोखरा कन्सर्टको संयोजन स्टिभ देवनले गरेका हुन् । स्टिभनका अनुसार पोखरा पछि साकारले पूर्वको इटहरी र बिर्तामोडबाट नेपाल टुर सुरु गर्नेछन् ।

## रंगशाला

# गण्डकी प्रदेशलाई लामाचौर कप राष्ट्रिय भलिबलको उपाधि



■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भएको 'लामाचौर कप महिला तथा पुरुष' राष्ट्रिय भलिबल प्रतियोगितामा पुरुषतर्फ गण्डकी प्रदेश च्याम्पियन बनेको छ ।

नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा पोखरा-१६ लामाचौरस्थित इन्द्रराज्य लक्ष्मी माध्यमिक विद्यालयको खेल मैदानमा भदौ २९ देखि सञ्चालन भएको प्रतियोगिताको आज सम्पन्न फाइनल खेलमा नेपाल प्रहरीको पुलिस क्लबमाथि कठिन जित निकाल्दै घरेलु टोली गण्डकीले उपाधि जितेको हो ।

गण्डकीले विभागीय टोली नेपाल पुलिसलाई ३-२ सेटमा हराएको हो । उपाधि विजेता गण्डकीले रु एक लाख ५० हजार एक सय ११, शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गऱ्यो । गत वर्ष पनि यी दुवै टोली फाइनल पुगेकोमा लगातार वर्षाले खेल रोकिएपछि पुरस्कार आधा/आधा बाँडेर लिएका थिए । सोमबार फाइनल खेल सुरु भए पनि अँध्यारोका कारण खेल रोकिएको थियो ।

फाइनलमा पहिलो सेट २५-२३ ले जित्दै अग्रता लिएको पुलिसले दोस्रो सेट भने गुमाउन पुग्यो । गण्डकी दोस्रो सेट २५-१९ अंकले जितेर बराबरी खेल्यो । तेस्रो सेट पुलिसले २५-२१ मा जिते पनि त्यसपछिका दुई सेट लगातार पराजित हुन पुग्यो । प्रतिस्पर्धात्मक खेलको चौथो सेट गण्डकीले २८-२६ मा जित्यो भने अन्तिम सेट १५-११ अंकले प्रहरीलाई निरास बनायो ।

प्रतियोगिताको उपविजेतामा चित्त बुझाएको पुलिसले रु एक लाख एक सय ११ पुरस्कार पायो । प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपिएफ क्लबले तृतीय हुँदै रु ५० हजार पुरस्कार पायो । प्रतियोगितामा गण्डकीका रवि केसी सर्वोत्कृष्ट खेलाडी घोषित भए । यस्तै गण्डकीका हरि पाण्डे (बेस्ट ब्लकर), किरण गुरुङ (बेस्ट स्पाइकर) र रमेश केसी (बेस्ट कोच) घोषित भए ।

पुलिसका कुलबहादुर थापा (बेस्ट सर्भर), अभिषेक थापा (बेस्ट सेटर) र भीम गाहा (बेस्ट लिबेरो) घोषित भएको प्रतियोगिताका रेफ्री टहलसिंह थापाले जानकारी दिए ।

महिलातर्फ भने विभागीय नेपाल पुलिस क्लबले सोमबार उपाधि जितेको थियो । प्रहरीले फाइनलमा काठमाडौंको न्यू डायमण्डलाई ३-१ सेटमा हराउँदै उपाधि जितेको हो । नवआदर्श सामुदायिक विकास समाजले हरितालिका तीज पर्वका अवसरमा २५औं संस्करणको लामाचौर तीज महोत्सवअन्तर्गत १०औं संस्करणको लामाचौर कप राष्ट्रिय भलिबल आयोजना गरेको हो । राष्ट्रिय भलिबलमा महिलातर्फ चार र पुरुषतर्फ पाँच टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगितामा महिलातर्फ नेपाल पुलिस क्लब र सशस्त्र प्रहरीको एपिएफ क्लब, न्यू डायमण्ड क्लब तथा एभरेष्ट भलिबल क्लब बुटवलले सहभागिता जनाएका थिए । पुरुषतर्फ गण्डकी प्रदेश, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरीको एपिएफ क्लब, मणिमुकुन्द क्लब बुटबलले उपाधिका लागि प्रतिस्पर्धा गरेका हुन् ।

# साफ यू-१९ को तयारी पूरा

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौंमा सञ्चालन हुने साफ यू-१९ फुटबल च्याम्पियनसिपको तयारी पुरा भएको छ । आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको तयारी पुरा भएको जनाएको छ ।

प्रतियोगिता पर्सी बिहीबारबाट सुरु भएर असोज १३ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको सम्पुर्ण खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ । प्रतियोगितामा नेपाल सहित बंगलादेश, भुटान, माल्दिभ्स, भारत, पाकिस्तान समावेश छन् ।

एन्फा प्रवक्ता सुरेश साहले प्रतियोगिताको तयारी पुरा भएको बताए । उनले प्रतियोगिताका लागि साधारणतर्फ सय र भीआईपीतर्फ ३ सय पुरस्कार रकम राखिएको जानकारी दिए । प्रतियोगिता हेर्न टिकट खल्ती एपबाट किन्न सकिने एन्फाले जनाएको छ । प्रतियोगिताको मार्केटिङ अधिकार नेपाल स्पोर्ट्स सेन्टरले लिएको हो ।

# घोषणामै सीमित क्रिकेट रंगशाला

■ प्रभाव संवाददाता

**गण्डकी–** एसिया कप खेलेर स्वदेश फर्कने क्रममा हालै नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहित पौडेलले भनेका थिए, 'अब 'हाई टाइम' भइसक्यो, सरकारले क्रिकेटको इन्फास्ट्रक्चरमा लगानी गर्नुपर्छ ।' खेलाडीका बलमा नेपाली क्रिकेट जति अगाडि छ, पूर्वाधारमा उति नै पछाडि ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले मान्यता दिएको त्रिवि क्रिकेट मैदानमा 'फ्लड लाइट'समेत नहुनुले नेपालको खेल पूर्वाधार कतिसम्म कमजोर छ भन्ने देखाउँछ । क्रिकेटमा राज्यको लगानी र प्राथमिकताबारे बहस उठिरहँदा गण्डकी प्रदेश सरकारको क्रिकेट रंगशाला बनाउने योजना पनि घोषणामै सीमित बन्न पुगेको छ ।

पोखरा महानगरपालिका-३३ पशुपतिघाटमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माणको पहल विसं २०७१ देखि नै सुरु भएको थियो । प्रदेश सरकार बनेपछि त्यसलाई प्रदेश गौरवको आयोजनाका रुपमा समेटियो । लाखौं खर्चेर रंगशालाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पनि तयार पारियो ।

तर, रंगशाला निर्माणको काम सुरु हुन सकेन । रेखदेख र संरक्षण नहुँदा रंगशालाको जग्गा नदी कटानको जोखिममा परेको छ । पशुपतिघाटमा रंगशाला बनाउने योजना अलपत्र छाडेर प्रदेश सरकार नयाँ जग्गाको खोजीमा लागेको छ ।

प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी श्रीप्रसाद अधिकारीले पशुपतिघाटमा रंगशालाको योजना दिगो हुने नदेखिएपछि निर्माणको काम अगाडि नबढेको बताए । 'सेती नदीले जग्गा कटान गरिरहेको छ, अन्तर्राष्ट्रिय मापदण्डको रंगशाला बनाउने ठाउँ जोखिमपूर्ण देखियो', उनले भने, 'अन्यत्र ठाउँमा जग्गाको खोजी भइरहेको छ ।'

चालु आवमा सो ठाउँमा रंगशाला निर्माणका लागि बजेट नछुट्टिएको उनले जानकारी दिए । गत आवमा जम्मा रु २० लाख विनियोजन भएकामा कामै नभई बजेट फिर्ता भएको थियो । नयाँ जग्गा प्राप्तिका लागि चालु आवमा रु ५० लाख बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ ।

गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले पशुपतिघाटमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउने योजनाबाट प्रदेश सरकार पछि हट्न खोजेको बताए । 'प्रदेश सरकारको लगानीमा क्रिकेट रंगशाला बनाउने घोषणा भएको हो, नीति, कार्यक्रमा पनि आयो, डिपिआर पनि बन्यो, तर अहिलेसम्म निर्माणको काम अगाडि बढ्न सकेन', उनले भने, 'रंगशालाका लागि स्थानीयवासीले दिएको जग्गा यत्तिकै बेवारिसे जस्तो बनेको छ, संरक्षण नहुँदा नदीले कटान गरिरहेको छ ।'

# भारतद्वारा क्यानडाली कूटनीतिज्ञ निष्कासित



**नयाँदिल्ली–** भारत सरकारले क्यानडाका एक जना वरिष्ठ कूटनीतिज्ञलाई निष्कासन गरेको छ । क्यानडाले पृथकतावादी खालिस्तान नेता हरदीपसिंह निज्जरको हत्यामा संलग्न रहेको आरोपमा एक जना भारतीय कूटनीतिज्ञलाई निष्कासन गरेपछि भारतले पनि उही शैलीमा क्यानडाका कूटनीतिज्ञलाई निष्कासन गरेको हो ।

भारतको विदेश मन्त्रालयले नयाँदिल्लीमा रहेका क्यानाडका उच्चायुक्तलाई बोलाएर उच्चायोगका एक जना वरिष्ठ कूटनीतिक कर्मचारीलाई निष्कासन गर्ने भारत सरकारको निर्णयबारे जानकारी गराएको छ। नयाँदिल्लीले निष्कासन गरेका क्यानाडाली कूटनीतिज्ञलाई पाँच दिनभित्रमा भारत छाड्न आदेश दिएको छ ।

यो निर्णयले भारतको आन्तरिक मामिलामा क्यानाडाली कूटनीतिज्ञहरूको हस्तक्षेप र भारत विरोधी गतिविधिहरूमा उनीहरूको संलग्नता देखिएको विदेश मन्त्रालयका एक जना अधिकारीले बताएका छन् । विधिको शासनप्रति दृढ प्रतिबद्धतासहितको लोकतान्त्रिक राजनीतिक पद्धति अपनाएको भारतमाथि क्यानडाले लगाएको आरोपलाई विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले आधारहीन भएको टिप्पणी गरेका छन् ।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले संसद्को आकष्मिक बैठकमा हरदीपसिंह निज्जरको हत्यामा नयाँदिल्ली संलग्न रहेको आरोप लगाएका थिए । गत जुनमा निज्जर ब्रिटिस कोलम्बियामा मृत अवस्थामा भेटिएका थिए ।

यसअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानडामा भारत विरोधी गतिविधि बढेकामा गम्भीर चिन्ता व्यक्त गर्दै क्यानडाको भूमिलाई भारतका विरुद्ध उपयोग हुन नदिन आफ्ना समकक्षीलाई अनुरोध गरेका थिए । *रासस/एएफपी*

# 'प्रधानमन्त्री ट्रुडोको आरोप आधारहीन छ'

**ओटावा–** क्यानाडास्थित कार्लटन विश्वविद्यालयका प्राध्यापक एवं विदेश नीति विशेषज्ञ विवेक देहेजियाले मंगलबार क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले भारतविरुद्ध आधारहीन आरोप लगाएको र त्यसको विश्वसनीयता शून्यप्रायः भएको टिप्पणी गरेका छन् ।

'हामीले सबुद-प्रमाण नदेखेसम्म प्राप्त जानकारीलाई आँखा चिम्लेर सत्य मान्न नसकिने' बताउँदै प्राध्यापक देहेजियाले लोकतन्त्रमा विश्वास गर्ने विकसित पश्चिमा देशको नेताले स्वतन्त्र भारतको इतिहासमा यस किसिमको आरोप पहिलोपटक लगाएको उल्लेख गरे । यसअघि यति उच्चस्तरमा भारतले क्यानडाको आन्तरिक मामिलामा षड्यन्त्र गरेको नसुनेको जनाएका छन् ।

एनआईसँगको कुराकानीमा प्राध्यापक देहेजियाले क्यानडाली जनता वा विश्वका जनतालाई प्रधानमन्त्रीले गरेको दाबीबारे कुनै जानकारी नदिइएको बताए । क्यानाडाको सुरक्षा खुफिया सूचनाका आधारमा प्रधानमन्त्रीले लगाएको आरोप पुष्टि नभएको त्यसमा आधार भएको मान्न नसकिने उनले बताएका छन् । उनले भनेका छन्- प्रधानमन्त्रीको आरोपमा विश्वनीय आधार छैन ।

क्यानडाका प्रधानमन्त्री ट्रुडोले सोमबार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्यामा भारत सरकारको हात रहेको आरोप लगाएका थिए जसलाई नयाँदिल्लीले निराधार भन्दै त्यसको खण्डन गरेको थियो ।

भारतमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जुनमा क्यानडाको ब्रिटिस कोलम्बियामा गोली हानेर हत्या गरिएको थियो । पञ्जाबको जालन्धरको भारसिंहपुर गाउँका निज्जरलाई राष्ट्रिय अनुसन्धान निकाय (एनआई)ले फरार घोषणा गरेको थियो । *रासस/एएनआई*

# भारतीय सांसदहरु नयाँ संसद् भवनमा

नयाँदिल्ली- गणेश चतुर्थीको साइत पारेर औपनिवेशिक युगको संसद्बाट भारतीय सांसदहरू मंगलबारदेखि नयाँ संसद् भवनमा सरेका छन् । पुरानो संसद् भवन अघिल्लो शताब्दीमा बेलायती शासकले निर्माण गरेका हुन् ।

बेलायती शासनकालमा बनाइएका भवन छाडेर उनीहरू त्रिभुजाकार नयाँ भवनमा सरेका हुन् । नयाँ संसद् भवनमा ८०० जनप्रतिनिधि सहजै बस्नसक्नेछ । उक्त भवनको गत महिना प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरेका थिए । विपक्षी दलका सांसदले उक्त समारोह बहिष्कार गरेका थिए । सभामुखले मंगलबारका लागि संसद्को विशेष बैठक आह्वान गरेका थिए । यसै मेसोमा नयाँ भवनमा विधायकहरू स्थानान्तरण भएका हुन् ।

मंगलबार भएको तल्लो सदनको बैठकमा सांसदहरूमा महिला प्रतिनिधित्वको ३३ प्रतिशत 'कोटा' राख्ने विधेयक पेस गरिएको थियो । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GS CONSTRUCTION ARABIA CO. LTD.

पूर्व स्वीकृति मिति २०८०/०२/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ | LT No.287589 | चलानी नं. ६०१९८६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1350 | ४७५५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## Free Visa Free Ticket युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EFS FACILITIES MANAGEMENT SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०४/२३ | LT. No. 290527 | चलानी नं. ६०२०७८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 0 | 500 | 800 | २८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० असोज १० गते (27th Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) कामदारले कुनै पनि सेवाशुल्क बुझाउनु नपर्ने र यस मेनपावरको सेवा शुल्क रोजगारदाताले दिने । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kalinchwok Manpower Pvt.Ltd.**

श्रम ईजाजत नं. २०३/०५७/०५८

Kathmandu-4, Dhumbharahi, Nepal, Phone No.: 9818565246

Tel No.+977-1- 4419397, 4445106, 4536246 Fax:+977-1- 4419361



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIRKMGHANI

पूर्व स्वीकृति मिति २०७८/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ | LT. No. 260508 | चलानी नं. ६०१७६७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 7 | 0 | 1500 | ५०,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gen Clean Worker | 2 | 0 | 1000 | ३३,६०५ | | | | | | | |
| 3 | Juice Maker | 1 | 0 | 1200 | ४०,३२५ | | | | | | | |
| 4 | Labourer | 3 | 0 | 1000 | ३३,६०५ | | | | | | | |
| 5 | Supervisor | 1 | 0 | 2500 | ८४,०१० | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 1400 | ४७,०४५ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WIRA FOAM INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/०२ | LT. No. 292695 | चलानी नं. ६०२०७८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ःनिःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. २८२/०५८/०५९

Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN GULF SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८०/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०२ | LT No :286660 | चलानी नं. ६०२०२१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1600 | ५७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० असोज १० गते (27th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.** श्रम ईजाजत नं. २५८/०५८/०५९

Sinamangal -9 Kathmandu, Tel : 01- 4110082,

98510-23416, 98510-02766, 9813-951511, 9813-906565, 9810-195400

Email: ganapatioverseas258@gmail.com



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

COMPANY: KAIFA TECHNOLOGY MALAYSIA SDN. BHD.

कम्पनी : काइफा टेक्नोलोजी मलेसियम एसडिएन बिएचडि

Pre Approval Date : 2023-09-19 | LT. No.292670 | Invoice No. 60207864

पूर्व स्वीकृति मिति : २०८०/०६/०२ | एल टि न. २९२६७० | चलानी नं. ६०२०७८६४

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | मासिक तलबः Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वकर Factory Worker (Manufacturing Sec.) | २५ 25 | २५ 25 | आधारभूत अङ्ग्रेजी पढन, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,४४० 42,440 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**

**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

**DOTI OVERSEAS PVT.LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.**

**Pre Interview** will be held on 20 and 21 September, **Semi Final interview** on 24 and 25 September & the **final interview** will be on 27 September,Wednesday.

**प्रि-अन्तर्वाता २०८० असोज ३ र ४ , सेमि- फाइनल तअन्तर्वाता २०८० असोज ७ र ८ गते र फाइनल अन्तर्वाता २०८० असोज १० गते मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.**

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705

**E-mail :** sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११३००० | प्रति तोला - ११२४५० | प्रति तोला - १४१० |



**द्रुत लेन** | आजदेखि भक्तपुरको सुर्यविनायकदेखि काठमाडौंको रत्नपार्कसम्म द्रुत बस सेवा सञ्चालन गर्नका लागि मंगलबार नयाँबानेश्वरको मिनभवनमा सडक डिभिजन कार्यालय काठमाडौंले द्रुत लेनको 'रेड मार्क' गर्दै । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# 'वार्षिक १३ खर्बको विद्युत् निर्यात भए व्यापार घाटा अन्त्य हुन्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले वार्षिक रु १३ खर्ब बराबरको विद्युत् निर्यात गर्न सके व्यापार घाटाको अवस्था अन्त्य हुने बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का पदाधिकारीसँगको भेटमा गभर्नर अधिकारीले व्यापार घाटा कम गर्नका लागि विद्युत् निर्यात नै उपयुक्त माध्यम भएको बताए । मुलुकको व्यापार घाटा घटाउने उपयुक्त माध्यमका रुपमा रहेको जलविद्युत् क्षेत्रको विकासमा नेपाल राष्ट्र बैंकले आवश्यक सहजीकरण गर्ने भएको छ ।

इप्पान अध्यक्ष गणेश कार्कीले बैंक तथा वित्तीय संस्थाले विद्युत् आयोजनामा लगानी गर्न नसकेको भन्दै बैंक तथा वित्तीय संस्थालाई आफ्नो कूल लगानीमा २० प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिदिन गभर्नर अधिकारीसँग आग्रह गरेका थिए । जवाफमा गभर्नर अधिकारीले बैंकसँग लगानीको समस्या नरहेको र १० वर्षमा २० हजार मेगावाट उत्पादन गर्दा पनि लगानीको समस्या नहुने बताए ।

इप्पानले भने तत्कालै करिब तीन हजार सात सय मेगावाट क्षमताका आयोजना विकास गर्दा आउँदो पाँच वर्षमा झन्डै रु पाँच खर्ब ५५ अर्ब, नेपाल र भारतबीच भएको विद्युत् निर्यातको सम्झौतासमेत जोड्ने हो भने १० वर्षमा झन्डै रु २० खर्ब ५५ अर्ब र ऊर्जा दशकको घोषणाअनुसार २५ हजार मेगावाट थप उत्पादन गर्ने भएमा रु ३७ खर्ब ५० अर्बभन्दा बढी लगानीको आवश्यकता पर्ने बताएको छ ।

राष्ट्र बैंकले दुई सय मेगावाटभन्दा ठूला आयोजनालाई आधार दरमा एक प्रतिशतमात्र थप गरी कर्जा प्रवाह गर्ने व्यवस्था गरिरहेकोले उक्त



व्यवस्था सबै जलविद्युत् आयोजनामा कार्यान्वयन गरिदिन इप्पानले आग्रह गरेको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशनअनुसार निर्माणाधीन अवस्थाको ब्याज आम्दानीलाई लाभांश बाँड्न नमिल्ने र 'मोराटोरियम पिरियड' थप गर्दाको अवस्थामा कर्जा पुनःसंरचना र पुनःतालिकरण भएको मानी १२ दशमलव पाँच प्रतिशतको कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने भएकाले बैंक तथा वित्तीय क्षेत्र यस क्षेत्रमा थप लगानी गर्न हतोत्साहित भएको इप्पानको भनाइ छ ।

यसमा निर्माणाधीन अवस्थाको ब्याज आम्दानीबाट समेत लाभांश बाँड्न पाउने यसअघिकै व्यवस्थालाई निरन्तरता दिन इप्पानले माग गरेको छ । नेपाली बैंक वित्तीय संस्थाले ऊर्जामा लगानी गरेको रकमको ब्याज अत्यधिक महँगो भएको भन्दै नेपाल सरकारको जमानतमा अन्तर्राष्ट्रिय बजारबाट नविनतम् वित्तीय उपकरणहरु जस्तैः सोभरियन बन्ड वा ग्रीन बन्ड वा जलवायु बन्डको माध्यमबाट वित्तीय स्रोतको जोहो गरी नेपाल राष्ट्र बैंकमार्फत स्वच्छ ऊर्जाको क्षेत्रमा पुनःकर्जाको व्यवस्था गरिदिन पनि इप्पानले अनुरोध गरेको थियो । जवाफमा गभर्नर अधिकारीले बन्डको विषय अर्थ मन्त्रालयको भएको तर राष्ट्र बैंकले त्यसमा सहजीकरण गर्न तयार नै रहेको बताए ।

दस वर्षमा २५ हजार मेगावाट विद्युत् उत्पादन र १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने राष्ट्रिय चाहनालाई पूरा गर्न बैंक तथा वित्तीय संस्थाले पुँजीका रुपमा समेत लगानी गर्न सक्ने र अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि आवश्यक हेजिङ, लगानी तथा लाभांश र लगानी फिर्तासम्बन्धी नीति नियम सहज, छिटो र पारदर्शी बनाइदिन पनि इप्पानले गभर्नर अधिकारीसँग अनुरोध गरेको छ ।

त्यस्तै इप्पानले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिकामा जलविद्युत् आयोजनाको जोखिम भार एक सय प्रतिशत कायम गरिएकामा यसलाई घटाएर सञ्चालनमा रहेका आयोजनाको हकमा ५० प्रतिशत र निर्माणाधीन आयोजनाको हकमा ७५ प्रतिशत कायम गरिदिन पनि आग्रह गरेको छ ।

बाढी पहिरोबाट क्षतिग्रस्त जलविद्युत् आयोजना पुनःनिर्माण तथा निर्माण सम्पन्न गर्न र यी आयोजनाहरु रुग्ण हुनबाट बचाउन ब्याज अनुदान र पुनरकर्जा, ब्याज पुँजीकरण, कर्जा पुनःसंरचना तथा मोराटोरियम पिरियड थप गर्नेलगायतका आवश्यक नीतिगत व्यवस्था गरिदिन पनि इप्पानले गभर्नर अधिकारीसँग आग्रह गरेको छ ।

भेटमा राष्ट्र बैंकका गभर्नर अधिकारीसँगै डेपुटी गभर्नर बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरु डा गुणाकर भट्ट र देवकुमार ढकाललगायत सहभागी थिए । इप्पानका तर्फबाट अध्यक्ष कार्कीसँगै वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी, पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईं, उपाध्यक्ष रामप्रसाद आचार्य र उत्तम भ्लोन लामा, महासचिव बलराम खतिवडा, सदस्य सुसन कर्माचार्य र कुवेरमणि नेपाल सहभागी थिए ।

# दोहोरो अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकले बढेको छ । मंगलबारको कारोबारपछि परिसूचक १६ दशमलव २४ अंकले बढेर एक हजार नौ सय ८५ दशमलव ४३ अंकमा कायम भएको हो ।

नेप्सेकाअनुसार विभिन्न कम्पनीका दुई सय ७२ कम्पनीको ४३ लाख ३६ हजार पाँच सय ८३ कित्ता सेयर ५० हजार दुई सय ९६ पटक खरिदबिक्री हुँदा रू एक अर्ब १७ करोड ६६ लाख ८० हजार सात सय ५७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन र व्यापार समूहको उपसूचक घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । होटल समूहको उपसूचक शून्य दशमलव ०९ र व्यापार समूह शून्य दशमलव ९३ प्रतिशतले घटेको छ ।

सबैभन्दा धेरै जलविद्युत् समूहको उपसूचक तीन दशमलव २१ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ३२ प्रतिशत, विकास बैंक एक दशमलव ४८, वित्त एक दशमलव ९५ र लगानी समूहको उपसूचक शून्य दशमलव ७८ प्रतिशतले बढेको छ ।

त्यस्तै, जीवन बीमा शून्य दशमलव ३७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७४, लघुवित्त शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव ११, निर्जीवन बीमा शून्य दशमलव ७६ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ ।

शुभम् पावर लिमिटेडको सेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने श्री स्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सेयर मूल्य धेरै घट्ने कम्पनीमा इमर्जिङ नेपाल लिमिटेड छ । कम्पनीको सेयर मूल्य आठ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोकार भएका सेयर सफ्याका आधारमा आज सबैभन्दा धेरै रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको रू १० करोड ६४ लाख ४३ हजार छ सय ९१ बराबरको दुई लाख २० हजार ५६ कित्ता सेयर किनबेच भएको छ ।

## कर्पोरेट

### महालक्ष्मी विकास बैंकका ग्राहकलाई विभिन्न संस्थामा छुट

**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, र होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थाहरुसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ । सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिंग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

बैंकका अनुसार सूर्य जनसेवा हेल्थकेयर कोटेश्वरमा विभिन्न सेवामा ७ लेदि २० प्रतिशत छुट, सूर्यपूरा पोलिक्लिनिक गैडहवा सूर्यपूरामा ५ देखि शतप्रतिशतसम्म छुट दिनेसम्झौता गरिएको छ । सूर्यपूरा गैडहरा पोलिक्लिनिकमा ओपीडी शुल्क निःशुल्क गरिने सम्झौतामा उल्लेख छ ।



त्यस्तै कर्नर प्वाइन्ट रेष्टुरेन्ट एण्ट बार न्यूरोड, इ-रिभल्भिङ इण्डियन कुजियन रेष्टुरेन्ट न्यूरोड र गंगाजमुना युनिसेक्स सेलुन इटहरीमा १०/१० प्रतिशत छुट दिने सम्झौता भएको छ । यस किसिमको सहकार्यबाट बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिंग प्रयोग गर्ने ग्राहकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ । यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने उद्देश्यले बैकले विभिन्न शाखाहरुबाट वित्तीय जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

### ग्लोबल आइएमईको सिनियर डिसिइओमा रेग्मी



**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंकको बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतमा सुरेन्द्रराज रेग्मी नियुक्त भएका छन् । ग्लोबल आइएमई बैंकको सञ्चालक समितिले रेग्मीलाई २०८० असोज १ गतेदेखि लागू हुने गरी वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतमा बढुवा गरेको हो । करिब तीन दशकदेखि बैंकिंग क्षेत्रमा कार्यरत रेग्मी २०६५ बैशाखमा नायव प्रबन्धक तहबाट ग्लोबल आइएमई बैंकमा प्रवेश गरेका थिए । ग्लोबल आइएमई बैंकमा विगत १५ वर्षदेखि कार्यरत रेग्मी यसअघि नायव प्रमुख कार्यकारी अधिकृत थिए । उनीसँग बैंकिंग क्षेत्रको करिब ३५ वर्ष लामो अनुभव रहेको छ ।

रेग्मीले त्रिभुवन विश्व विद्यालयबाट एमए (अर्थशास्त्र) तथा वेलायतको युनिभर्सिटि अफ वेल्सबाट एमबीए गरेका छन् । ग्लोबल आइएमई बैंकमा कर्जा व्यवस्थापन, जोखिम तथा नियन्त्रण, बैंकिंग अपरेसन, जोखिम व्यवस्थापन, अनुपालन, शाखा सञ्चालन, सामान्य प्रशासन, एसएमई र खुद्रा व्यापार, मर्जर व्यवस्थापन लगायत समग्र बैंकिंगको सुपरिवेक्षण तहमा काम गरिसकेका रेग्मी एक अब्बल बैंकरका रुपमा परिचित छन् ।

# लक्ष्यभन्दा बढी राजस्व संकलनको अभियानमा भरतपुर

**चितवन (प्रस)–** भरतपुर महानगरपालिकाले राजस्व संकलनलाई आक्रामक रुपमा अघि बढाएको छ । महानगर क्षेत्रभित्रका राजस्वको दायरामा नआएकालाई समेत दायरामा ल्याउने गरी अभियान अघि बढाइएको हो । चालु आर्थिक वर्षमा लक्ष्यभन्दा बढी राजस्व संकलन उद्देश्यसहित अभियान सुरु गरिएको हो । महानगरपालिकाका राजस्व महाशाखाका प्रमुख जगन्नाथ अर्यालका अनुसार गत भदौ २५ गते सूचना जारी गरी १५ दिनभित्र सबैलाई करको दायरामा आउन सार्वजनिक अपिल गरिएको छ । साथै राजस्वको दायरा आउनेलाई स्टिकर प्रदान गरिनेछ ।

महानगरपालिकाले विभिन्न पाँच शीर्षकमा फरक-फरक स्टिकर तयार गरेको छ । व्यवसाय कर, घरबहाल कर, सम्पत्ति कर, मनोरञ्जन कर र सेवा शुल्क दस्तुर गरी पाँचवटा रंगका स्टिकर टाँसिने उनले बताए । उनले भने, 'करदाताले जुन कर तिर्नुहुन्छ, उहाँहरुको फार्ममा सोही स्टिकर टाँस्ने छौं ।' त्यसपछि टोल-टोलसम्म पुगेर अनुगमन गरिनेछ । अहिले नै वडा र टोल विकास समितिहरुलाई पत्राचार गरी करको दायरामा आउन सबैलाई आह्वान गर्न लगाइएको छ ।

महानगरपालिकाले कर संकलनका लागि टास्कफोर्ससमेत बनाउँदै छ । यसले कर संकलनमा सहयोग गर्नेछ । सोही समितिमार्फत अनुगमन समेत गरिने छ । महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले पहिलो चरणमा व्यापक प्रचारप्रसार गरेर व्यवसाय दर्ता गर्न आग्रह गरिने बताए । उनले भने, 'महानगर क्षेत्रभित्र दर्ता नगरी व्यवसाय गर्न सम्भव छैन', उनले थपे, 'कर तिरौं र विकास गरौं भन्ने अभियानका साथ हामी अघि बढेका छौं ।' महानगरमा उठ्नुपर्ने करको २० प्रतिशत मात्रै उठेको भन्दै उनले चालु आवमा लक्ष्यभन्दा बढी कर उठाइने बताए । चालु आवमा महानगरले रु एक अर्ब ७५ करोड राजस्व उठाउने लक्ष्य लिएको छ । उनले चालु आवमा रु दुई अर्बभन्दा बढी राजस्व उठाउने योजना बनाइएको बताए ।

गत आवमा रु एक अर्ब २५ करोड हाराहारी मात्रै राजस्व संकलन भएको थियो । अधिकारीले भने, 'करै नतिरी व्यवसाय गर्छु भन्नु भएन, अटेर गरेर दर्ता नगरेका व्यवसाय बन्द हुनेछन् ।' अहिलेको अवस्था राम्रो नभएकाले करको दर नबढाइने भन्दै उनले दायरा बढाएर कर संकलन गर्न लागिएको बताए । महानगरले नेपाल टेलिकम, खानेपानी संस्थान, विद्युत् प्राधिकरणलगायतका कार्यालयसँग समन्वय गरेर कर संकलन अभियानलाई अघि बढाएको छ । महानगरमा कर नतिरेसम्म अन्य सुविधाबाट समेत वञ्चित हुने गरी योजना अघि सारिएको हो ।

चालु आवमा हालसम्म रु १२ करोड कर संकलन भएको छ । महानगरपालिकाले आइतबार दैनिक एक सय जनालाई मोबाइलमा म्यासेज पनि पठाउन पनि सुरु गरेको छ । यससँगै सिनेमा हल, सञ्चार माध्यमहरु, माइकिङलगायतका माध्यमबाट प्रचारप्रसार भइरहेको छ । महानगर प्रमुख रेनु दाहालले चालु आवमा राजस्व संकलनलाई अभियानकै रुपमा अघि बढाइएको जानकारी दिइन् । विगतका वर्षमा लक्ष्यअनुसार राजस्व संकलन नभएको भन्दै उनले चालु आवमा लक्ष्यभन्दा बढी राजस्व उठाउने बताइन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ